# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्टभुमी

आफ्नो जन्मस्थानबाट अन्य स्थानमा बसोबास सार्ने कार्यलाई बसाइँ सराइ भनिन्छ । वर्तमान समयमा पेसा, रोजगार, सुरक्षा, घुमफिर, शिक्षा, लेनदेन दैविक घटनाबाट बच्न आदि कार्यको लागि मानिस एक ठाउँबाट अर्को ठाउँ विशेषमा पुग्दछ । विभिन्न स्वभाव, संस्कृति र गुणका मानिसमा एक आपसमा एक अर्काको प्रभाव पर्न सामान्य हुन जान्छ । जुन सामाजिक, सांस्कृतिक परिवर्तनको कारक तत्व बन्दछ । कुनै पनि संस्कृतिका अनुकरणीय गुणहरू जो कोहीले पनि आफ्नो जीवनमा अनुकरण गरेको हुन्छ । वर्तमान समयमा यातायात, संचार, रोजगारी शिक्षा आदिले व्यापकता ल्याएको छ । मानिस पेसा, रोजगार, शिक्षा, स्वास्थ्य, सुरक्ष,ा आदिका लागि सहर तर्फ बसाइँसराइ गर्ने गरेको देखिन्छ । यो बसाइँसराइ अविकसित देशहरूबाट विकसित देशहरूमा गाउँबाट सहरमा, पहाडबाट तराईतर्फ केन्द्रित देखिन्छ (आचार्य, २०६५ : ३६१) । यो सामाजिक प्रकृया हो । यसको सुरुवात मानव जातिको अस्तित्वमा आएदेखि नै भएको पाइन्छ । सन् १९९१ को जनगणनाको परिभाषा अनुसार बसाइँसराइ हुन कुनै व्यक्ति वा परिवार आफ्नो जन्मस्थान छोडेर कम्तीमा अर्को ठाउँमा ६ महिना बसोबास गरेको हुनु पर्दछ । बसाइसराइ भनेको मानिसहरू नयाँ क्षेत्र वा देशबाट काम वा नयाँ जीवनस्तर प्राप्त गर्नका लागि गरिने गतिशिलता हो । कुनै पनि व्यक्ति जन्मेको स्थानबाट अर्को स्थानमा जाने प्रकृयालाई बसाइसराइ भनिन्छ । मौसमी रूपमा, स्थायी रूपमा, अर्धस्थायी रूपमा, अस्थायी रूपमा मानिसले बसाइसराइ गर्दछन् । बसोबास गरेको क्षेत्रको असुविधाका कारण बसाइसराइ गर्दछन् (के.सी, १९८६) ।

संयुक्त राष्ट्रसंघीय बहुभाषी जनसङ्ख्या शब्दकोश १९९४ का अनुसार बसाइसराइ एक भौगोलिक क्षेत्रबाट अर्को बसोबास युक्त क्षेत्रमा जाने प्रकृया हो । सन् २०११ को जनगणना अनुसार हिमाल र पहाडबाट तराईमा कृषिका कारण बसाइ सरेको देखिन्छ । त्यस समय हिमाल, पहाड र तराईका बीच व्यापार पनि अस्थायी बसाइसराइ हुने गर्दथ्यो । डोल्पाको हिमाली क्षेत्र ताराङपुरका मगरहरूले व्यापारका शिलशिलामा मौसमी बसाइसराइ गर्ने गरेका

छन् । उनीहरू कोदो, फापर र जौ तिब्बततर्फ लैजाने र पहाडी भेगतर्फ नुन लगेर चामलसँग साट्ने गरेका छन् । उनीहरूको मुख्य उद्धेश्य आर्थिक उपार्जन गर्नु हो (फिसर, १९९८) । तर हाल बसाइसराइ रोजगारी, स्वास्थ्यको सुविधा यातायात, भौतिक सुख सुविधा र शिक्षा प्राप्त गर्नका लागि हुने गरेको देखिन्छ । पशिचम तराईमा राजमार्गको निर्माण भएपछि पहाडी क्षेत्रबाट व्यापार व्यवसाय गर्ने उद्देश्यले, रोजगारीका लागि, खेतीयोग्य जमिन भएकाले खेतीबाट आम्दानी गर्न पश्चिम तराईमा मानिसहरू बसोबास गर्न थालेका छन् ( SEDDONETAL 1980) ।

बसाइसराइलाई मुलतः आन्तरिक र बाह्य वा अन्तराष्ट्रिय गरी दुई भागमा विभाजन गरिएको छ । अन्तराष्ट्रिय बसाइसराइले अन्य देशहरू वा राष्ट्रिय सीमा भन्दा बाहिर गरिने निवासको व्यवस्था वा गतिशिलतालाई बुझाउँछ । अन्तराष्ट्रिय बसाइसराइलाई पनि दुई भागमा बाँडिएको छ,-उत्प्रवास र आप्रवास । कुनै एक निस्चित ठाउँबाट बाहिर बसाइ सरेर जाने प्रकृयालाई उत्प्रवास भनिन्छ । बाहिरको कुनै एक ठाउँबाट उक्त क्षेत्रमा बसाइसरेर आउने प्रकृयालाई आप्रवास भनिन्छ (MOPE, 2013 ) । अन्तराष्ट्रिय बसाइसराइलाई पनि दुई भागमा बाँडिएको छ ती हुन् स्वेच्छिक र बाध्यात्मक । स्वेच्छिक प्रवास वा प्रवासन भनेको त्यस्तो प्रकृया हो जहाँ व्यक्ति तथा परिवारका लागि रोजगारी प्राप्त गर्न, विवाह गरेर, शिक्षा प्राप्त गर्नका लागि, आर्थिक आवश्यकता प्राप्त गर्नका लागि बसाई सर्ने गर्दछन् । बाध्य प्रवास वा आप्रवासन मा व्यक्ति तथा परिवार बसाइ सर्न बाध्य गरिन्छ । बसाइ सर्नुको विकल्प हुँदैन, यसलाई शक्तिको बसाइसराइ भनिन्छ (खतिवडा, २००५) । आन्तरिक प्रवासले प्रदेश, शहर वा नगरपालिका भित्रको निवास वा बसोबासको गतिशिलतालाई जनाउँछ । अस्थायी प्रवासलाई तीन प्रकारमा विभाजन गरिएको छ । मौसमी, आवधिक र दैनिक । यी स्वेच्छिक बसाइसराइका प्रकार हुन् (Janawali, 2004) । नेपालको वर्तमान जनसङ्ख्या उत्प्रवास र आप्रवासको स्वरूप हो । सेनामा सहभागी हुँदा, कृषि र अरु आर्थिक क्रियाकलाप र विवाह गरेर जस्ता तीन प्रकारका उत्प्रवासका स्वरूपहरू रहेका छन् । भने भौगोलिक रुपमा हेर्दा नब्बे प्रतिशत भन्दा बढी मानिसहरू पहाडबाट तराईतर्फ बसाइ सरिरहेका छन् (सुवेदी, १९९१ ) ।

सामान्यतया बसाइसराइका घटना पृथक खालका होइनन् यो सामान्यतया आर्थिक, सामाजिक र साँस्कृतिक परिवर्तनका घटनाहरूसँग सम्बन्धित छ । यी तत्वहरूले मानिसलाई समाजमा समायोजन गराउँछ । मानिसहरू प्राचीनकाल देखि नै एक ठाउँबाट अर्को ठाउँमा बसाइ सर्न थालेको देखिन्छ । सामाजिक, राजनीतिक, संस्थागत र मनोवैज्ञानिक र अन्य निर्धारक तत्वहरूले बसाइसराइलाई निरन्तर रूपमा हुने अन्तराष्ट्रिय घटना निर्माण गर्न सहयोग पुर्‍याइरहेको छ । मानिसहरू आफ्ना आवश्यकता, सुविधाहरू प्राप्त गर्नका लागि एक ठाउँबाट अर्को ठाउँमा जाने गर्दछन् । नेपालमा बसाइसराइ विशेष गरी गरिबी, स्रोतको असमान वितरण र श्रमको माग भौगोलिक विविधताका कारण पूरा नहुने जस्ता कारणले हुने गरेको छ (के. सी, १९८५) ।

केन्द्रीय तथ्याङ्क विभागले सार्वजनिक गरेको जनगणना २०६८ को अन्तिम नतिजा अनुसार कुल जनसङ्ख्याको १४.८४ प्रतिशत जनसङ्ख्या बसाइसराइ गरेको देखिन्छ भने अघिल्लो जनगणनामा कूल जनसङ्ख्याको १२.७ प्रतिशत जनसङ्ख्याले बसाइसराइ गरेको देखिन्छ ।

## १.२ समस्याको कथन

बसाइसराइ विश्वव्यापी रूपमा हुने एक घटना हो । मानिसहरू एक ठाउँबाट अर्को ठाउँमा विभिन्न समयमा नयाँ सुविधा प्राप्त गर्नका लागि बसाइ गरिरहेका हुन्छन् । यस अध्ययनमा मेलम्ची नगरपालिका वडा नं ८ को बाउनेपाटीमा बसाइ सरेर आएका मानिसहरूको सामाजिक, आर्थिक अवस्था र बसाइसरेर आउनुका कारणका बारेमा विस्तृत अध्ययन गरिएको छ । मेलम्ची नगरपालीका बन्नुभन्दा पहिलेदेखि नै बाउनेपाटी भन्दा माथिल्ला भेग थाक्ले, पिपलचौर, बासबारी, गिरौनचौर र स्याउले आदि स्थानबाट बसाइसरेर आई विभिन्न पेसा व्यवसाय संचालन गर्दै आएका छन् । बसाइसराइका लागि विशेष गरी सामाजिक, आर्थिक र शैक्षिक सुगमताले महत्वपूर्ण भूमिका खेल्दछ । मानिसहरू आफू बसेको ठाउँमा आफ्ना आवश्यकता पूरा गर्न असमर्थ हुन्छन् र लामो वा छोटो समयका लागि बसाइ गर्दछन् । शहरमा उच्च शिक्षा हासिल गर्न, रोजगारीको सुविधा, कृषिमा उच्च उत्पादकत्व जस्ता सुविधाका कारण मानिस बसाइसराइ गरेर आउँदछन् (काफ्ले, २०४६) ।

मानिसहरू ग्रामीण क्षेत्रबाट ग्रामीण क्षेत्रमा, ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा, शहरी क्षेत्रबाट ग्रामीण क्षेत्रमा, शहरी क्षेत्रबाट शहरी क्षेत्रमा रोजगारी र शिक्षाको खोजी र अन्य विविध

सुविधाको खोजीमा बसाइ सर्दछन् । यस अनुसन्धानको अध्ययन क्षेत्र शहरी क्षेत्र हो, यस क्षेत्रमा ग्रामीण क्षेत्रबाट बसाइ सर्ने मानिसहरूको बसाइ सर्नुका कारण र प्रभावको अध्ययन गरिएको छ । नेपालमा आन्तरिक बसाइसराइको कारण गरिबी, आयको असमान वितरण, बेरोजगारी, कठिन जनजीवन, खाद्यअसुरक्षा जस्ता कारणले भइरहेको छ (के.सी, १९९८) ।

नेपालको समग्र अवस्थालाई हेर्दा मेलम्ची नगरपालिकामा उर्वर भूमि, सिँचाइको सुविधा, रोजगारी, आयस्रोत, यातायातको सुविधा, उद्योगधन्दा, व्यापार व्यवसायका लागि आकर्षक, सुरक्षित बसोबास, स्वास्थ्य सेवाको सुविधा र विद्युतको सुविधा जस्ता कारणले बसाइसराइ गर्नेहरूको सङ्ख्यामा बृद्धि भइरहेको छ । पछिल्लो दशकमा गाउँबाट शहरतर्फ बसाइसराइ गर्नेहरूको सङ्ख्या बढ्दो छ । बढीजसो विकासशील देशका महानगरपालिका र ठूला शहरहरूमा भारी मात्रामा मानिसहरू ग्रामीण क्षेत्रबाट बसाइ सरेर आउने गरेका छन् । यसले शहरमा समस्या बढाउने देखिन्छ । यसबाट हुने समस्या समाधान गर्न राष्ट्रिय रूपमा योजना ल्याउनु आवश्यक छ (के.सी, १९८१) । यस अध्ययन निम्न प्रश्नहरूमा आधारित रहेको छ :-

- किन मानिसहरू आफू बसेको ठाउँ छोडी अन्य स्थानमा बसाई सर्दछन् ?
- अध्ययन क्षेत्रका मानिसहरू यस क्षेत्रमा बसाइ सर्नुका कारण के हुन् ?
- बसाइसराइले सामाजिक र आर्थिक जीवनमा के कस्तो प्रभाव पारेको छ ?

## १.३ उद्देश्य

**यस अध्ययनका उद्देश्यहरू निम्न छन् ।**

- अध्ययन क्षेत्रका मानिसहरू यस क्षेत्रमा बसाइ सर्नुका कारणको खोजी गर्ने ।
- बसाइसराइले सामाजिक र आर्थिक जीवनमा पारेको प्रभावको खोजी गर्ने ।

## १.४ अध्ययनको महत्व

नेपालमा बसाइसराइ महत्वपूर्ण सामाजिक विषय हो । यस अध्ययनले आन्तरिक बसाइसराइको अध्ययन गर्ने सैद्धान्तिक दृष्टिकोण, विधि सम्बन्धी ज्ञान प्रदान गर्दछ मेलम्ची नगरपालिकामा बसाइसराइ गरेर आएका मानिसको सङ्ख्या र उनीहरू के कारणले बसाइ सरेर आएका हुन् भन्ने जिज्ञासालाई समेट्दछ । बसाइसराइको असरहरूको खोजी गर्दछ । सामाजिक रुपमा कस्तो हैसियत भएका मानिस बसाइसराइ गर्दछन् भन्ने अध्ययन गर्छ । बसाइसराइ गरेपछि उनीहरूको सामाजिक आर्थिक र शैक्षिक अवस्थामा सुधार हुन्छ वा हुँदैन भन्ने विषयमा अध्ययन गर्दछ । यसबाट आन्तरिक बसाइसराइको वर्तमान अवस्था बुझ्न सकिन्छ ।

## १.५ अध्ययनको संगठनात्मक स्वरुप

प्रस्तुत शोधलाई जम्मा छ अध्यायमा विभाजन गरिएको छ । जस अन्तर्गत अध्याय एकमा शोधपत्रको विषयवस्तुको सार्न्दभिकलाई पृष्ठ दिने खालको, परिचय दिने किसिमले सन्दर्भबाट सुरुवात गरिएको छ । यसका साथै बसाइसराइको परिभाषा, समस्या कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्वको बारेमा उल्लेख गरिएको छ । अध्याय दुईमा, पूर्व साहित्यको अध्ययन गर्ने क्रममा बसाइसराइका बारेमा लेखिएका लेख, रचना, पुस्तक, पत्रपत्रिका साथै सम्बन्धित बिषयसँग सम्बन्धित विषय र  अन्य व्यक्तिहरुले बसाइसराइ सम्बन्धी गरेका शोध अध्ययनलाई उल्लेख गरिएको छ । यसका साथै अवधारणागत खाका पनि उल्लेख गरिएको छ । अध्याय तीनमा अनुसन्धान पद्धति अर्न्तगत अध्ययनका लागि मेलम्ची नगरपालिकामा बसाइसराइ गरेर आएका परिवारलाई सामान्य नमुना सर्वेक्षण विधिका आधारमा छनौट गरिएको छ । यसमा अध्ययनको क्षेत्रको अनुसन्धान ढाँचा, तथ्यांकको प्रकृति र स्रोत, कार्यक्षेत्रको अध्ययन प्रक्रियाका बारेमा चर्चा गरिएको छ । अवलोकन, अर्न्तवार्ता र प्रश्नावलीजस्ता तथ्यांक संकलन विधि, तथ्यांक विश्लेषण तथा प्रस्तुतीकरण र अध्ययन सीमाका बारेमा चर्चा गरिएको छ ।अध्याय चारमा बसाइसराइमा संम्लग्न मानिसहरुको सामाजिक अवस्था अन्तर्गत उमेर र लिङ्ग, जातजाति र पेसा, धर्म र जात, पेशा र शिक्षा, मातृभाषा र जातजातिका बारेमा उल्लेख गरिएको छ । बसाइसराइका कारण अन्तर्गत बसाइसराइ गर्न बाध्य गर्ने र बसाइ सर्न प्रेरित गर्ने कारण र बसाइसराइमा मुख्य निर्णय कर्ताका बारेमा विस्तृत रुपमा व्याख्या गरिएकको छ । अध्याय पाँचमा बसाइसराइ गरेर आएका मानिसहरुको आर्थिक अवस्थाका बारेमा चर्चा गरिएको छ ।

बसाइसराइ गर्नु पूर्वको आम्दानीको स्रोत, हालको आम्दानीको स्रोत, बसाइ सर्नु पूर्वको आम्दानी र खर्चको अवस्था र बसाइसराइ पछिको आम्दानी र खर्चको अवस्था, बसाइ सर्नु पूर्वको जग्गा जमिनको अवस्था र बसाइसराइ पछिको जग्गा जमिनको अवस्था र बसाइसराइ पछि मानिसले प्रयोग गरेका भौतिक सुविधाका बारेमा चर्चा गरिएको छ । अध्याय छ मा यस शोधपत्रको लागि गरिएका अध्ययन अनुसन्धानको सारांश र निष्कर्षका बारेमा उल्लेख गरिएको छ ।

## अध्याय दुई

## पूर्व अध्ययनको समीक्षा

### २.१ बसाइसराइसँग सम्बन्धित लेख रचनाहरूको समीक्षा

बसाइसराइ विश्वव्यापी घटना हो । यस सम्बन्धी थुप्रै अध्ययन अनुसन्धान तथा सिद्धान्त प्रतिपादन भएका छन् । खास गरी प्रतिपादित सिद्धान्तहरूमा १) शास्त्रीय सिद्धान्त २) नवशास्त्रीय ३) सामान्य प्रणाली सिद्धान्त ४) विश्व व्यवस्था सिद्धान्त आदि महत्वपूर्ण छन् ।

Lee (1966) ले Ravenstein को शास्त्रीय सिद्धान्तलाई पुनः कानुनी संशोधन र विश्लेषण गरी बसाइसराइको सिद्धान्तको नयाँ रूपरेखा तयार गरे । उनले बसाइसराइ उत्पत्ति क्षेत्र र जाने वा गन्तव्य क्षेत्रले निर्धारण गर्ने उल्लेख गरेका छन् । गन्तव्य क्षेत्रमा ज्ञानको क्षेत्र र विविध सुविधाका कारण र उत्पत्ति क्षेत्रको उच्च स्थानीयकरणका कारण मानिस बसाइ सर्दछन् भन्ने धारण Lee को रहेको छ । उनले आन्तरिक बसाइसराइ गर्ने तत्वहरूको बारेमा उल्लेख गरेका छन् । बसाइसराइ एक छनौटपूर्ण प्रक्रिया हो । बसाइसराइका लागि के कस्ता आकर्षक र विकर्षण तत्वहरू रहन्छन् भन्ने कुरा उनीहरूको उमेर, लिङ्ग, सामाजिक वर्ग आदिले निर्धारण गर्दछ साथै उनीहरूको समस्यासँग जुध्न सक्ने क्षमताले पनि निर्धारण गर्दछ । Lee ले बसाइसराइका निम्नानुसारका दुई कारणका बारेमा उल्लेख गरेका छन् :- आकर्षक तत्व र विकर्षक तत्व । आकर्षक तत्वहरूमा जागिरको सुविधा, उत्तम बसोबासको अवस्था, सुरक्षा, राजनीतिक र धार्मिक स्वतन्त्रता, मनोरन्जनयुक्त, उत्तम स्वास्थ्य सुविधा, औद्योगिक सुविधा आदि रहेका छन् । विकर्षक तत्वहरूमा पर्याप्त जागिर नहुनु, थोरै सुविधा, प्रारम्भिक खालको अवस्था, सम्पत्तिको अभाव, युद्ध, गरिब घर परिवार, राजनीतिक डर, श्रम शक्तिको प्रयोग गर्ने ठाउँ नहुनु आदि हुन् (Lee, 1966)।

आकर्षक र विकर्षक तत्वहरूले समाजमा आन्तरिक स्तरीकरण र विविधता ल्याउने कुरालाई उपेक्षा गर्दछ । जनसङ्ख्याको आकार, जनसाङ्ख्यिक चाप, वातावरणीय विनाश आदि पनि बसाइसराइको कारण हुन् । आकर्षक र विकर्षक तत्व एक सिक्काका दुई पाटा जस्तै हुन् । जसले 'यहाँ' र 'त्यहाँ' लाई जनाउँदछ । मानिस त्यतिकै एक क्षेत्रबाट अर्को क्षेत्रमा जान

चाहँदैन । तिनीहरू उत्तम वातावरणीय क्षेत्रमा, कम जनसङ्ख्याको चाप भएको ठाउँमा सन्तुष्टि प्राप्त हुने देखिए उक्त क्षेत्रमा बसाइ सर्दछन् । जनसङ्ख्याको चाप शहरी क्षेत्र, उत्तम कृषि व्यवसाय भएको ठाउँमा हुने गर्दछ । व्यक्तिगत स्वतन्त्रता, सुरक्षा, शिक्षा, स्वास्थ्यको हेरचाह, आर्थिक बैङ्किङ कारोबार भएको क्षेत्रमा, आर्थिक र सामाजिक सुरक्षा भएको क्षेत्रमा मानिस बसाइ सर्दछन् (Hass, 2008)।

नवशास्त्रीय सिद्धान्तले विकासको एक घटक अंशका रूपमा ग्रामीण-सहरी प्रवासलाई हेर्दछ । यो अतिरिक्त मूल्य र श्रम औद्योगिक वा शहरी क्षेत्रमा केन्द्रित हुने गर्दछ । आर्थिक इतिहासलाई हेर्ने हो भने भौतिक सुविधाको विकास निरन्तर रूपमा भइरहेको छ । गाउँ समाजमा आधारित परम्परागत कृषिजन्य आर्थिक क्रियाकलाप शहरी वा आधुनिक औद्योगिक क्षेत्रमा रूपान्तरण भइरहेको छ (Todaro, 1969)।

Harris and Todaro ले दुई क्षेत्रमा आधारित ग्रामीण-सहरी मोडेलको विकास गरेका छन् । Harris and Todaro Model विशेष गरी नवशास्त्रीय बसाइसराइ सिद्धान्तमा आधारित छ । यो मोडेल ग्रामीण शहरी बसाइसराइले विकासशील देशका शहरमा बढेको बेरोजगारीको सन्दर्भमा विकास भएको हो । नवशास्त्रीय आर्थिक सिद्धान्तले विभिन्न भौगोलिक क्षेत्रमा श्रम शक्ति पठाउने वा लैजाने विषयलाई जोड दिन्छ । थोरै श्रम मूल्य भएको क्षेत्रबाट धेरै श्रम शक्ति भएको क्षेत्रमा मानिस बसाइ सर्दछन् । यस Harris and Todaro मोडेलले आर्थिक उपार्जनका लागि मानिसले आन्तरिक बसाइसराइ गर्ने धारणा राखेको छ ( Harris and Todaro, 1970.coaded by Hass)।

## २.२ बसाइसराइ सम्बन्धी अवधारणाहरु

विश्वमा गरिब मानिसहरूको लागि बसाइसराइ महत्वपूर्ण जीवनशैली निर्वाह गर्ने एक तरिका भएको छ । दक्षिण अफ्रिकामा जनसङ्ख्याको गतिशीलता दिगो विकासका लागि र गरिबी निवारणका लागि महत्त्वपूर्ण पक्ष बनेको छ । भारतमा गाउँबाट शहरमा हुने गतिशिलता गरिबी युक्त क्षेत्रबाट शहरी क्षेत्रमा हुने गर्दछ । त्यसको प्रकृति दमनात्मक खालको हुने गर्दछ । यहाँ सन् १९७० को दशकदेखि गाउँबाट शहरतर्फ बसाइसराइको प्रक्रिया बढिरहेको छ । युवा मानिसहरू निर्माणका क्षेत्रमा र शहरमा काम गर्नका लागि

तल्लीन छन् । विहारमा हेर्ने हो भने बाहिरबाट बसाइ सरेर आउनेहरूको सङ्ख्या दोब्बर देखिन्छ । कृषियुक्त क्षेत्र पन्जावबाट शहरी क्षेत्रमा बसाइ सर्नेको दर बढ्दो छ (Deshingkar and Grimm, 2005)।

धेरै जसो विकासशील देशमा गाउँबाट शहरमा हुने बसाइसराइको दर बढिरहेको छ । यसका कारण एसियामा भएको शहरीकरणीय अर्थतन्त्र हो । बंगलादेशमा गाउँबाट शहरमा दुई तिहाइ मानिसहरू बसाइसरेका छन् । जुन बसाइसराइ लामो दुरीमा, ठूला शहरहरू र उत्पादनशील क्षेत्रमा हुने गरेको छ (Deshingkar and Grimm, 2005)।

आन्तरिक बसाइसराइले गरिबी  निवारण र आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्दछ । धेरैजसो विकासशील देशमा सडक, भवनहरू, उत्पादन र उद्योग बजारको केन्द्र नभएकाले बसाइसराइ ती सुविधा भएको क्षेत्रमा गर्न थालेका हुन् । ती विकसित देशमा बसाइसरुवाको श्रमका कारण कृषि र उद्योगमा उन्नति गर्न पुग्दछन् । दुई मिलियन भन्दा बढी गरिब मानिसहरूलाई सरकारले रोजगारीको सुविधा दिइरहेको छ (Deshingkar and Grimm, 2005)।

जनसङ्ख्याको चाप, भूमि र खाद्यपदार्थको अभाव, हिमाल र पहाडको वातावरणीय तनाव जस्ता बसाइसराइका विकर्षण तत्वहरू हुन् । खेतीयोग्य भूमि, पुनर्वासको कार्यक्रम, भौतिक सुविधाको अवसर, तराईमा हुनु आकर्षक तत्वहरू हुन् भन्ने उल्लेख गरेका छन् (गुरुङ, १९८१) ।

रेमिटेन्सको प्रभाव बृद्धि हुन थालेपछि ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रतर्फ बसाइसराइ बढ्न थालेको हो । उक्त रेमिटेन्सलाई भूमि किन्न, ठूला घर बनाउन, व्यापार व्यवसाय गर्न तथा उद्योगधन्दा खोल्न प्रयोग गर्न थालियो । विशेष गरी गरिबीको रेखामा रहेका मानिसहरू शहरमा रोजगारी प्राप्त गर्न थाले । जसका कारण शहरी क्षेत्रमा बसाइसराइको चाप बढ्न थाल्यो (अधिकारी, २००१) ।

अस्थायी राजनीतिक अवस्था, शिक्षाको खस्कँदो स्थिति आदिका कारण राम्रो शिक्षा वा श्रम बजारमा बिक्न सक्ने शिक्षा प्राप्त गर्नका लागि विद्यार्थीहरू युरोपियन देशमा बसाइसरिरहेका छन् । बसाइसराइका लागि सामाजिक तत्वले पनि महत्वपूर्ण भुमिका खेल्दछ । बढी जसो

मध्यम वर्गका विद्याथीहरू विदेशमा गइरहेका छन् । परिवारको एक जना बच्चा विदेश पढ्न जानु भनेको पुँजीको बृद्धि साथै सामाजिक स्थिति उच्च हुनु हो । रोजगाारीको स्तर बृद्धि गर्न व्यक्तिगत बसाइसराइ हुने गरेको छ (घिमिरे, २०११) ।

बसाइसराइको प्रकृयाले समाजमा परिवर्तन ल्याउँछ । बसाइसराइ सामाजिक परिवर्तनको एजेन्टका रूपमा रहेको हुन्छ । परिवार नियोजन, नयाँ प्रविधि, र महिला शिक्षा आदि सुविधा प्राप्त गर्नका लागि मानिस गाउँबाट शहरमा बसाइ सर्दछन् । बसाइसराइको कारण नयाँ संस्कृतिको पनि निर्माण हुने गर्दछ । जसले गर्दा उनीहरूको सोचाइमा परिवर्तन आउँछ र साँघुरो सोचाइ नभइ फराकिलो ढङ्गले सोच्न सुरु गर्दछन् (Singh, 1998)।

## २.३ बसाइसराइको इतिहास

बसाइसराइको इतिहासलाई हेर्दा गोरखा राज्यको नीतिका कारण सन् १८०४ देखि भारतको कुमाउ र गढवालमा बसाइ सर्न सुरु भएको हो । कुमाउ गढवालका साथै सिक्किममा पनि बसाइ सर्न थाले । सन् १८१४-१५ मा ब्रिटिस इन्डिया युद्ध भयो । औपचारिक रूपमा यसै बेलादेखि धेरै मानिसहरू भारतमा जागिरका सिलसिलामा बसाइ सर्न थाले । दार्जिलिङको चिया उत्पादन हुने राज्यमा काम गर्न जान थाले । आसामको काठ कारखानामा काम गर्न थाले । भरियाका काम, चौकीदार, सेक्स कामदारका रूपमा काम गर्न भारतका विभिन्न स्थानमा जान थाले (भट्टराई, २००७) ।

केन्द्रीय जनसङ्ख्या विभागले सन् १९९६ मा गरेको जनगणनामा २२ प्रतिशतले आन्तरिक बसाइसराइ गरेका थिए । जुन बसाइसराइको दर पुरुषको भन्दा महिलाको धेरै हो । पुरुषभन्दा महिला बढी गतिशील हुनुको कारण विवाह बसाइँसराइ हो । १५ देखि ३९ वर्ष उमेर समूहका मानिसहरू बढी बसाइँसराइ गर्छन् । जुन शिक्षासँग सम्बन्धित बसाइँसराइ हो (MOPE, 2013)।

नेपालको इतिहासलाई हेर्दा वि.सं १९६८ भन्दा अगाडिसम्म बसाइसराइको कुनै लिखित इतिहास छैन । केन्द्रिय तथ्याङ्क विभागले सन् १९७१ मा सार्वजनिक गरेको तथ्याङ्कमा ४४५,१२८ मानिसले देशभित्र बसाइ सरेका थिए, जुन कूल जनसङ्ख्याको ३.९ प्रतिशत हो । १९८१ मा ९२९,५८५ जना मानिस बसाइ सरे, जुन ६.२ प्रतिशत हो । १९९१ मा ६.६

प्रतिशतले देशभित्र बसाइ सरेको देखिन्छ । २००१ मा ७.४६ प्रतिशतले देशभित्र बसाइ सरेको देखिन्छ (MOPE, 2013 )।

केन्द्रिय तथ्याङ्क विभागले २०६८ मा सार्वजनिक गरेको तथ्याङ्क अनुसार कुल जनसङ्ख्याको १४.८४ प्रतिशतले बसाइ सरेको देखिन्छ । विवाह गर्दा २३.५९ प्रतिशत, निर्भरता २०.३६ प्रतिशत, कृषि १४.९ प्रतिशत र पढाइका लागि १३.३८ प्रतिशतले बसाइसराइ गरेको देखिन्छ । यसरी हेर्दा हरेक दशकमा बसाइसराइ गर्नेहरूको सङ्ख्या बढिरहेको देखिन्छ । तराईको जनसङ्ख्या कूल जनसङ्ख्याको ४८.४० प्रतिशत रहेकामा १० वर्षमा ५०.२७ प्रतिशतमा पुगेको देखिन्छ । त्यसैगरी पहाडमा ४४.३० प्रतिशत जनसङ्ख्या रहेकामा ४३.०१ प्रतिशत र हिमालको ७.३० प्रतिशत जनसङ्ख्या ६.७३ प्रतिशतमा झरेको देखिन्छ (नागरिक दैनिक, २०७०) ।

## २.४ बसाइसराइका कारणहरू

नेपालमा बसाइसराइको इतिहास रेकर्ड राख्न १९६० को दशकबाट सुरु भएको हो । आन्तरिक बसाइसराइ गर्ने प्रकृयाको सुरुवात तराईमा मलेरियाको अन्त्य भएपछि भयो । भूमि सुधार तथा तराईमा पुनर्वासको कार्यक्रम सुरु भएपछि धेरै सङ्ख्यामा मानिसहरू तराईमा बसाइसराइ गर्न थाले (Kansakar, 1984)।

बसाइसराइ गराउने कारक तत्वहरू आकर्षक र विकर्षक तत्वहरू रहेका छन् । बसाइसराइ गराउने विकर्षक तत्वहरू आर्थिक अवसरको अभाव, धार्मिक र राजनीतिक सिकार, वातावरणीय खराबी आदि हुन् । आकर्षक तत्वहरू जागिरको उपलब्धता, धार्मिक र राजनीतिक स्वतन्त्रता आदि हुन् (Hass, 2008) । तसर्थ मानिस बसिरहेको स्थानमा आधारभूत आवश्यकता पूरा गर्न कठिनाई, आवश्यक सुविधाको अभाव, शिक्षा, स्वास्थ्य, सन्चार आदिको अभावका कारण बसाइसराइ गर्ने गर्दछन्, जसलाई विकर्षक तत्वहरू मानिन्छ । आकर्षक तत्वहरूमा रोजगारी, शिक्षा, स्वास्थ्य, सन्चार, यातायात सुविधा आदि पर्दछन् ।

बसाइसराइका कारण दुई खालका हुने गर्दछन् । विकर्षक तत्वहरूमा भोकमरी, जल प्रवेश जनसङ्ख्याको चाप र जमिन खण्डीकरण, नदीको कटान, गरिबी, पहाड र वन अर्थतन्त्र,

सार्वजनिक क्षेत्रको जागिर कटौती, औपचारिक क्षेत्रमा जागिरको अवसरको अभाव आदि हुन् । आकर्षक तत्वहरू स्वतन्त्र तथा शान्तिपूर्ण जनसङ्ख्या आन्दोलन, शहरीकरण र कृषिमा नयाँ अवसर हुन् (Deshingkar and Grimm, 2005)।

जोशीले धनगढी नगरपालिकामा अध्ययन गर्दा बसाइसराइको कारण निम्न रहेको निष्कर्ष निकालेका छन् । उच्च शिक्षाको अभाव, खेतीयोग्य जमिनको अभाव, भौगोलिक जटिलता, शहरी सुविधाको अभाव, थोरै आम्दानी, जागिरको अवसर नहुनु र व्यापारी अवसरको अभाव आदिलाई बसाइसराइको विकर्षक तत्व भएको उल्लेख गरेका छन् । उच्च शिक्षाको अवसर, खेतीयोग्य जमिन, भौगोलिक सुगमता, शहरी सुविधा, आम्दानी योग्य क्षेत्र, जागिरको अवसर र व्यापारी क्षेत्रको अवसर आदिलाई बसाइसराइको आकर्षक तत्व भएको उल्लेख गरेका छन् (जोशी, २०१२) । त्यस्तै गरि

मानिसहरूले इच्छा अनुसार अवसर खोज्दै जाँदा उक्त सुविधा पाएको र स्थायी रुपमा नै बस्न थालेको हुनसक्छ । सहरी र तराई क्षेत्रमा आफ्नो रोजगारी र पढाएसँगै अन्य जीवन शैलीलाई अपनाउँदै उनीहरू परिवार सहित बस्न थालेको बुझ्न सकिन्छ । राजा महेन्द्रले पुनर्वास योजना ल्याएपछि भने हिमाल र पहाडका मानिसहरू तराईमा झर्ने र खेतीपाती गरेर बस्ने गरेको परिपाटीको असरले निरन्तरता लिएको खतिवडाको धारण छ । अबका वर्षमा पनि बढी समय जन्मेको ठाउँ भन्दा फरक ठाउँमा मानिसहरू बसिरहने परिपाटी बढिरहने छ । यस्तो अवस्थाको सिर्जना पुनर्वासको कार्यक्रमले व्यापकता पाउँदादेखि बसाइसराइ प्रकृया बढेको हो । बिस्तारै पूर्वाधार र सेवा सुविधा पनि बढ्दै गयो । जसका कारण अहिले पनि तराईतिर बसाइसराइ बढिरहेको छ (नागरिक दैनिक, २०७०) ।

## २.५ प्रभावहरू

बसाइसराइले स्थानीय श्रमको उपलब्धतामा, परिवारको संरचनामा र जीवन निर्वाहको तरिकामा असर पार्दछ (Deshingkar and Grimm, 2005)।

बसाइसराइ गरेर आएको क्षेत्र र मानिसको उत्पत्ति स्थान दुवैमा बसाइसराइको नकारात्मक र सकारात्मक दुबै खालको असर पर्दछ । बसाइसराइको प्रभाव खासगरी आर्थिक, सामाजिक र जनसाङ्ख्यिक क्षेत्रमा पार्दछ (गौतम, १९९९) । बसाइसराइमा स्थिरता हुँदा विकास

निर्माणका कार्यमा जनताहरू एक जुट हुने गर्दछन् जसले गर्दा विकासका कार्यहरू छिटो छिटो हुन्छन् । बसाइसराइले गर्दा नयाँ स्थानमा समायोजन हुन कठिनाइ उत्पन्न हुन्छ भने भाषा, धर्म, संस्कृतिमा पनि परिवर्तन गर्नुपर्ने जस्ता बाध्यता देखिन्छन् । यस्ता कार्यले सामाजिक सांस्कृतिक परिवेशमा असर पुऱ्याउँछन् । एक पुस्ता बसाइँ सराइ गर्दा दोस्रो पुस्तामा आफ्नो सांस्कृतिक, सामाजिक रहनसहनको वास्तविक ज्ञानमा कमी हुन थालेको विश्वव्यापी स्थितिले देखाउँछ (पौडेल, २०७० : २१)

बसाइसराइ गरेर आएको क्षेत्रमा महिनाको राम्रो कमाइ, पेशागत स्तर, जमिनको उपभोग राम्रो अवसर, जस्ता कारणले मानिसको सामाजिक हैसियत राम्रो बन्दछ भने यसका नकारात्मक असरहरू पनि हुन्छन् जस्तै जनसङ्ख्या चाप, बेरोजगारीको अवस्था, भूमिको मुल्य बृद्धि, वातावरणीय समस्या प्राकृतिक सम्पदाको अभाव आदि (जोशी, २०१२) ।

जनसङ्ख्या छिटो छिटो बसाइसर्ने प्रकृया भन्दा बसाइ सरेर नयाँ ठाउँमा वर्षौंसम्म बस्नाले चाडपर्व, धर्मसंस्कृति र चालचलन आदान प्रदान हुने प्रकृया देखिने खतिवडा बताउँछन् । जनसङ्ख्या चाप एकै ठाउँमा बढी हुने झैझगडा सिर्जना गर्ने र सेवा सुविधामा कमी आउने जस्ता समस्या आउने भएकाले सरकारले विकास निर्माण सेवाका योजना तथा कार्यक्रम पनि जनसङ्ख्या बढी भएको ठाउँमा लैजानु पर्दछ (नागरिक दैनिक, २०७०) ।

प्रस्तुत सन्दर्भ साहित्यहरुको समिक्षा गर्दा अधिकांश सन्दर्भ साहित्यहरु नेपालको सन्दर्भमा र केही साहित्यहरु दक्षिण एसियाका सन्दर्भमा बसाइसराइको कारण र प्रभाव, यसको इतिहासका बारेमा लेखिएका कृतिहरु पाइयो तर केही सन्दर्भ साहित्यहरु गौतम (१९९९) को बसाइसराइका कारण र प्रभावका बारेमा लेखिएको लेखमा बसाइसराइका कारण र असरका बारेमा विश्लेषण गरेका छन् साथै बसाइसराइको प्रभाव खासगरी आर्थिक, सामाजिक र जनसाङ्ख्यिक क्षेत्रमा पर्दछ भनी बसाइसराइका प्रभावका बारेमा चर्चा गरेका छन् । त्यस्तै जोशी (२०१२) ले धनगढी नगरपालिकामा अध्ययन गर्दा निम्न बसाइसराइको कारण र प्रभावका बारेमा विस्तृत रुपमा चर्चा गरेका छन् । अतः प्रस्तुत अध्ययनमा मैले बसाइसराइका कारण र बसाइसराइका कारण सामाजिक तथा आर्थिक क्षेत्रमा परेको प्रभावका बारेमा विस्तृत रुपमा समाजशास्त्रीय मान्यतामा आधारित अध्ययन गरेको छु ।

बसाइसराइको प्रकृयामा मानिसले कठिनाइ भोगेकाले सुख सुविधा प्राप्त गर्नका लागि बसाइसराइ गरेका हुन्छन् । मानिसहरुलाई बसाइसराइ गर्न उत्प्रेरित गर्ने र बाध्य बनाउने दुई खालका कारक तत्व रहेका हुन्छन् । यी दुई बीचको अन्तर्क्रियाबाट मानिसहरु बसाइसराइ गर्ने गर्दछन् । अर्को शब्दमा भन्दा मानिस बसोबास गरिरहेको ठाउँमा सन्तुष्ट हुन सक्दैन र सुविधा भएको ठाउँले मानिसलाई आकर्षित गर्दछ र बसाइसराइ गर्दछन् । बसाइसराइ हुनुका धेरै कारण हुन्छन् :- भौगोलिक अवस्था, राजनीतिक अस्थिरता,द्वन्द्व, सुविधाको अभाव, जमिनको अवस्था, शहरी सुविधाको अभाव, उच्च शिक्षाको अभाव यातायातको असुविधा, रोजगारीको अभाव, स्वास्थ्य र सन्चारको असुविधा, धार्मिक र राजनीतिक सिकार र वातावरणीय खराबी, प्राकृतिक प्रकोप  आदि । मुलतः यस्ता तत्वहरुका कारण मानिसहरु बसाइसराइ गरिरहेका छन् । यसका साथै मानिस एक ठाउँबाट अर्को ठाउँमा वा आफू बसोबास गरिरहेको ठाउँ भन्दा सुविधा प्राप्त गर्न सकिने उपयुक्त क्षेत्रमा बसाइसराइ गर्दछन्, यस्ता तत्वलाई आकर्षक तत्व भनिन्छ । यस्ता तत्वहरुमा शहरी सुविधा, खेतीयोग्य जमिन, व्यापारी क्षेत्रको सुविधा, यातायातको सुविधा, भौगोलिक सुगमता, स्वास्थ्य र रोजगारीको अवसर, जागिरको उपलब्धता, धार्मिक र राजनीतिक स्वतन्त्रता आदि पर्दछन् ।

बसाइसराइ पछि मानिसको जविनमा सकारात्मक वा नकारात्मक प्रभाव परेको हुन्छ । साँस्कृतिक आदान प्रदान, जमिनको उपभोग, मासिक आम्दानीमा बृद्धि, शैक्षिक उन्नति र पेशागत स्तरमा सकारात्मक प्रभाव पारेको हुन्छ । बसाइसराइ गरेर बसेको क्षेत्रमा विभिन्न भाषा र धर्मका मानिसहरुको बसोबास हुने हँदा साँस्कृतिक आदानप्रदान हुने गर्दछ । जस अन्तर्गत मातृभाषा भन्दा फरक भाषाको प्रयोग, विविध चाडपर्व मनाउने जस्ता प्रकृया हुने गर्दछ । विविध खालका रोजगारी प्राप्त हुने हुँदा मानिसहरुको मासिक आम्दानीमा वृद्धि हुने गर्दछ । उच्च शिक्षा प्राप्त हुने हुँदा मानिसको सामाजिक अवस्था समेत सुदृढ हुने गर्दछ । सहरी क्षेत्रमा बसाइसराइ गर्ने परिपाटीले मानिसहरुको सामाजिक, आर्थिक, राजनीतिक अवस्थामा सकारात्मक प्रभाव परेको देखिन्छ । बसाइसराइ पछि मानिसको जीवनमा नकारात्मक प्रभाव पनि परेको हुन्छ । साथै समाजमा समेत प्रभाव पारेको हुन्छ । जमिनको मूल्य वृद्धि, जनसङ्ख्याको चाप र सेवा सुविधामा कमी जस्ता नकारात्मक प्रभाव परेको हुन्छ । बसाइसराइसँगै जनसङ्ख्याको चापले वातावरण प्रदुषण हुने समस्या पनि पैदा गर्दछ ।

साथै खाने पानीको अभाव, फोहरको व्यापकताले विभिन्न रोग तथा महामारीको बृद्धि हुने अवस्था समेत सिर्जना भएको हुन्छ ।

# अध्याय तीन

# अनुसन्धान विधि

यस अध्ययनमा अनुसन्धानका क्रममा प्रयोग गरिएका विधि प्रविधिहरुको वर्णन गरिएको छ । अध्ययन क्षेत्र कहाँ हो र त्यो स्थान किन छानिएको हो ? अध्ययन क्षेत्रको समग्र कुन हो र नमुना छनौट कसरी गरियो ? अध्ययनमा कस्ता कस्ता तथ्याङ्कको प्रयोग गरिएको छ र ती कसरी संकलन गरिएका थिए ? आदिका बारेमा स्पष्ट पार्ने प्रयास गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

यस अध्ययन क्षेत्रमा बसाई सरेर आउने मानिसहरूको बाहुल्यता रहेको छ । बसाइसराइका कारण र प्रभावको अध्ययन गर्नका लागि यस क्षेत्र उपयुक्त हुने ठानी छनौट गरिएको छ साथै आफ्नो समुदाय छोडेर आएका मानिसहरुको आर्थिक र सामाजिक जीवनमा के कस्तो प्रभाव परेको छ ? भन्ने पत्ता लगाउनका लागि बाउनेपाटीलाई छनौट गर्नुका कारण निम्नानुसार छ :-

- बसाइसराइ गरेर आएका मानिसहरुको बाहुल्यता धैरै भएको क्षेत्र भएकाले ।
- बसाइसराइमा सम्लग्न भएका मानिसहरुको आम्दानीमा बृद्धि भई समाजमा त्यसको प्रभाव देखिएकाले ।
- शोधकर्ता यस स्थानमा बसोबास गर्ने भएकाले प्रत्यक्ष अवलोकन विधिद्वारा तथ्याङ्क सङ्कलन गर्न सहज हुने भएकाले ।

## ३.२ अनुसन्धान ढाँचा

यस अध्ययन बसाइसराइको कारण र प्रभावको खोजी गर्दा अन्वेषणात्मक तथा व्याख्यात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । यस अध्ययनमा बसाइसराइ गरेर आएका व्यक्तिहरूको आर्थिक र सामाजिक पक्षको बारेमा सूचना संकलन गर्ने प्रयत्न गरिएको छ । बसाइसराइको कारण अन्वेषणान्मक विधि प्रयोग गरी खोजी गरिएको छ । प्राप्त तथ्याङ्कका आधारमा व्याख्या गरी निष्कर्ष निकालिएको छ ।

## ३.३ अध्ययनको समग्र र नमूना छनौट विधि

यस अध्ययनको समग्रमा मेलम्ची नगरपालिकामा बसाइ सरेर आएका सम्पूर्ण घर परिवारलाई समेटिएको छ । विभिन्न ठाउँबाट मेलम्ची नगरपालिकामा बसाइसराइ गरी विगत १५ वर्ष देखि हालसम्म बसोबास गरिरहेका मानिसहरुलाई अध्ययनमा समावेश गरिएको छ। विशेष गरी बाँसबारी, पिपलचौर , थाक्ले, स्याउले , गिरानचौर ,फटकशिला , बनेपा आदि जस्ताठाउँबाट मानिसहरु बसाइ सरी आएका छन् । नगरपालिकामा बसाइसराइ गरेर आएका मानिसहरुको समग्र थाहा नभएकाले ती मध्ये केहीलाई नमुनाका रुपमा लिएको छु । यस अध्ययनमा अनुसन्धान कर्ताले बहुस्तरीय नमुना छनौट विधिको प्रयोग गरिएको छ। पहिलो चरणमा मेलम्ची नगरपालिकाको विभिन्न वडालाई विभिन्न क्लस्टर मानेको छु। भने दोस्रो तहमा वडा नं ८ को बाउनेपाटीलाई उद्देश्यमूलक रुपमा छनौट गरेको छु। यस टोलका बसाइसरी आएका ६५ घरधुरी मध्ये ३० घरधुरीलाई उद्देश्यमूलक नमुना छनौट विधि प्रयोग गरी छनौट गरेको छु । यहाँका मानिसहरुविविध जातजाती , भाषा ,धर्म, उमेर, लिंगको विशेषता भएका छन् । ६५ घरपरिवार मध्ये तामाङ, ब्रामण, नेवार, नेपाली, माझीको प्रतिनिधित्व गर्नेगरि उद्देश्यमूलक नमूना छनौटविधिको घरप्रयोग गरिएको छ। ३० उत्तरदातामा कृषक, व्यापारी, विद्यार्थी तथा शिक्षक रहेका छन् । बसाइसराइ गरेर आएका घरपरिवारका १५ बर्ष भन्दा माथिका र ६० बर्ष भन्दा मुनिका मानिसले बसाइसराइका बारेमा बताउन सक्ने भएकाले त्यस्ता मानिसहरुलाई छनौट गरिएको छ। भने घरको मुख्य मानिस मात्र नभएको अवस्थामा अरु मानिसलाई पनि उत्तरदाताका रुपमा छनौट गरिएको छ। जसमा महिला १४ जना र पुरुष १६ जना रहेका छन्।

## ३.४ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनका लागि प्राथमिक तथा द्धितीय स्रोतका तथ्याङ्क संकलन गरिएको छ र गुणात्मक तथा परिमाणत्मक खालका तथ्याङ्क संकलन गरिएको छ।

अर्न्तवार्ताबाट परिमाणात्मक तथ्याङ्क सङ्कलन गरिएको छ भने सहभागी अवलोकनका माध्यमबाट गुणात्मक तथ्याङ्क सङ्कलन गरिएको छ। गा.वि.स, जि.वि.स, वडा कार्यालय, केन्द्रिय तहका विभिन्न किसिमका सरकारी तथा गैरसरकारी कार्यालयका साथै विविध समाजशास्त्रीय विद्धान्हरूले लेखिएका लेख, रचना, पत्रपत्रिका, पुस्तक, प्रतिवेदन, विभिन्न

वेभसाइटका अभिलेखहरू साथै विभिन्न शोधपत्रबाट द्वितीय तथ्याङ्क संकलन प्रयोग गरिएको छ । गुणात्मक खालका तथ्याङ्कका रुपमा बसाइसराइका कारणका बारेमा उत्तरदाताका धारणा अनुभव र अनुभूतिहरु रहेका छन् भने मात्रात्मक खालका सूचनाहरुका रुपमा बसाइसराइ गरेर आएका मानिसहरुको सङ्ख्या, उनीहरुको आम्दानी, उमेर, पेशा, भाषा, धर्म, जातजाति आदिका आधारमा मानिसहरुको वितरण रहेका छन् ।

## ३.५ तथ्याकं सकंलन विधि

यस अध्ययनमा प्राथमिक तथ्याङ्क प्राप्त गर्नका लागि मुख्य रुपमा अन्तर्वार्ता विधिको प्रयोग गरिएको छ । जसका लागि अन्तर्वार्ता अनुसूचीको प्रयोग गरिएको छ। अन्तर्वार्ता अनुसूचीमा मानिसहरु किन आफू बसेको ठाउँ छोड्छन्, बसाइसराइ गर्न के कस्ता कुराले प्रेरित गरेको छ, बसाइ सर्नका लागि कसको महत्वपूर्ण भूमिका रहेको छ, बसाइसराइ पछि आम्दानीमा कस्तो परिवर्तन भएको छ, बसाइसराइ पछि के कस्ता भौतिक सुविधाहरुको प्रयोग गरेका छन् ? साथै बसाइसराइमा संम्लग्न व्यक्तिहरूका उमेर, लिङ्ग, जात/जाति, शैक्षिक स्थिति, आर्थिक, सामाजिक पक्षका बारेमा तथ्याङ्क संकलन गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत यस अध्ययनमा निम्न विधिको प्रयोग गरिएको छ ।

### अर्न्तवार्ता

प्रस्तुत अध्ययनका क्रममा मेलम्ची नगरपालिकाको वडा नं ९ को बाउनेपाटीमा एक महिना सम्म क्षेत्रकार्य गरी मानिसहरु बसाइसर्नुका कारण र बसाइसराइका कारणले उनीहरुको अर्थिकअवस्था यस अन्तर्गत खर्च, बचत, जग्गा जमिनको कारण उनीहरुले प्रयोग गरेको सुविधाका बारेमा अन्तर्वार्ता गरी तथ्याङ्क प्राप्त गरिएको छ । अन्तर्वार्ता प्रत्येक व्यक्तिका घरघरमा गएर लिइएको छ । बसाइसराइका गरेर आउनुका कारण र आफ्नो आर्थिक अवस्थाका बारेमा घरमुलीले बताउन सक्ने भएपनि घरमा भेटिएका १५ बर्ष माथिका महिला वा पुरुष दुवैसँग अन्तर्वार्ता लिइएको छ । एक घरमा ४० देखि ५० मिनेट सम्म अन्तर्वार्ता लिइएको छ भने अन्तर्वार्तालाई अनौपचारिक बनाउने प्रयास गरिएको छ

**अवलोकन**

अवलोकन प्राथमिक तथ्याङ्क संकलनको महत्वपूर्ण औजार हो । अध्ययनको खास उद्देश्य प्राप्त गर्न कार्य क्षेत्रमा नै पुगेर बसाइ सरेर आएका  घरपरिवार र व्यक्तिहरूको सामाजिक, आर्थिक अवस्थाको अवलोकन गरिएको छ । बसाइसराइ पश्चात उनीहरूको जीवनशैली, व्यक्तिहरूका प्रत्येक व्यवहार, क्रियाकलाप, सामाजिक चालचलनमा केकस्तो प्रभाव परेको छ । यी विविध पक्षलाई नजिकबाट नियाल्ने कार्य गर्दै उत्तरदाताका उत्तरहरू उपयुक्त श्रृङ्खलामा मिलाएर प्रस्तुत गरिएको छ । सहभागी अवलोकन विधिद्वारा बसाइ सरेर आएका घरपरिवार र व्यक्तिहरूको आर्थिक अवस्थाको अवलोकन गरिएको छ । बसाइसराइ पश्चात उनीहरूको बाली उत्पादन प्रकृया र अन्य आर्थिक क्रियाकलापमा केकस्तो प्रभाव परेको छ आदि गुणात्मक तथ्याङ्क सङ्कलन गरिएको छ ।

यसका साथै अनुसन्धानलाई प्रभाबकारी बनाउन वैयत्तिक अध्ययन गरिएको छ । जसमा बसाइसरेर आएका ३० घर परिवार मध्ये बसाइसराई पस्चात आफ्नो जीवनमा  आर्थिक र सामाजिक रुपमा  परिवर्तन ल्याउन सफल व्यक्तिको जीवनको सम्पुर्ण चित्र उतार्ने  प्रयास पनि गरिएको छ ।

## ३.६ तथ्यांक विश्लेषण

अर्न्तवार्ता,अवलोकन,वैयत्तिक अध्ययन विधिबाट संकलित तथ्याङ्कहरुलाई ती तथ्याङ्कको प्रकृति र अध्ययनको उद्देश्यका आधारमा उमेर, लिंग, भाषा, धर्म, जाती, पेसामा विभाजन गरी विश्लेषण गरिएको छ । गुणात्मक तथ्याङ्कहरुलाई वर्गीकरण गरी व्याख्या गरिएको छ भने मात्रात्मक तथ्याङ्कलाई वर्गीकरण र तालिकीकरण गरि विश्लेषण गरिएको छ ।

## ३.७ अध्ययनको सीमा

यस शोधको कार्यक्षेत्र  सिन्धुपाल्चोक जिल्ला मेलम्ची नगरपालिका ८ को बाउनेपाटी बजारमा बसाइसराइ गरी आएका परिवार र व्यक्तिहरूलाई मात्र छनौट गरी तथ्याङ्क संकलन गरिएकोले गर्दा यस भन्दा फरक समाज र सन्दर्भमा वा समग्र देशको प्रतिनिधित्व गर्न सक्दैन । गत साल बैशाख १२ मा गएको भुकम्पले धेरै घरमा क्षति पुगेकाले हाल भएका पक्कि घर र केहि टहरा जो १५ बर्ष यता बसाइसरी आएका थिए ति घर यस अध्ययनको

छनौटमा परेका छन् ।यद्यपी यस अध्ययन सामाजिक र आर्थिक पक्षमा मात्र केन्द्रित भएकाले यस क्षेत्रमा परेको अन्य प्रभावका बारेमा अध्ययन गरिएको छैन । मेलम्ची नगरपालिका बाउनेपाटीमा गरिएको अध्ययनको निष्कर्षले देशको सन्दर्भमा मेल नखान सक्छ ।

# अध्याय चार

# सामाजिक पृष्ठभूमि र बसाइसराइका कारण

## ४.१ बसाइ सरेर आएका मानिसहरूको सामाजिक पृष्ठभूमि

यस शोधकार्यको कार्य क्षेत्र सिन्धुपाल्चोक जिल्ला मेलम्ची नगरपालीका ८ को बाउनेपाटीलाई बनाइएको छ । यस वडा नं ८ मा भएको करिब २५०० घर धुरी मध्ये बाउनेपाटी बजारमा बसाइसराइ गरेर आउनेलाई मात्र अध्ययनमा समावेश गरिएको छ । यस क्षेत्रमा थाक्ले, पिपलचौर, बासबारी, फटकशिला, स्याउले, गिरानचौर जस्ताठाउँबाट यस नगरपालिकामा १५ वर्ष देखि बसाइ सरेर आइ बसोबास गरिरहेका मानिसहरू रहेका छन् । ति मानिसहरुको जाति, भाषा, धर्म, पेशा ,शिक्षा र लिङ्गको अवस्थाका बारेमा चर्चा गरिएको छ । यहाँ के कस्ता तत्वले मानिसहरूलाई बसाइ सर्न प्रेरित गरेको छ भन्ने सन्दर्भलाई उल्लेख गरिएको छ । बसाइ सरेर आएका मानिसहरूको विभिन्न विशेषतालाई निम्नानुसार तालिकामा उल्लेख गरिएको छ :-

### ४.१.१ उमेरको आधारमा उत्तरदाताको वितरण

उमेरले मानिसको शारीरिक अवस्था, जिम्वेवारी, भूमिका र उत्तरदायित्वलाई बुझाउँछ । विशेष गरी १५ देखि ५९ उमेर समूहका मानिसलाई आर्थिक रुपले सक्रिय जनसङ्ख्या मानिन्छ । यस उमेर समूह भन्दा कम वा बढी उमेरका मानिसलाई निस्कृय मानिन्छ । बसाइसराइ प्रकृयामा पनि उमेर तथा अवस्थाले प्रत्यक्ष प्रभाव पार्दछ । वर्तमान समयमा वयस्क महिलाहरू आफ्ना बालबच्चालाई शिक्षा दिन शहरमा बस्न थालेका छन् । जवान जोडीहरू भने जन्मथलो बाहिर वा शहरमा नै घर र जग्गा जमिन किनेर बस्न थालेका छन् (Gautam, 1999)

यसर्थ कुन उमेरका मानिसहरु बसाइसराइ प्रकृयामा संलग्न छन् भन्ने कुरालाई पुष्टि गर्न उमेरको आधारमा उत्तरदाताको विवरणलाई उल्लेख गरिएको छ ।

तालिका नं.१ उमेरका  आधारमा उत्तरदाताको विवरण

| क.सं. | उमेर | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २० भन्दा मुनि | ६ | २० |
| २ | २० देखि ३० | १६ | ५३.३३ |
| ३ | ३० देखि ४० | ५ | १७.७७ |
| ४ | ४० देखि ५० | ३ | १० |
| ५ | जम्मा | ३० | १००.०० |

*स्रोतः स्थलगत सर्भेक्षण, २०७३*

तालिका नं १ मा आर्थिक रुपमा सक्रिय सङ्ख्या सबैभन्दा बढी रहेको छ ।्आर्थिक उपार्जन गर्न सक्ने मानिसहरू आफ्नो जन्म थलो छोडेर अन्यत्र बसाइसराइ गर्ने गरेको देखिन्छ । यहाँ जम्मा ३० उत्तरदाता मध्ये २० देखि ३० बर्ष उमेर समुहका मानिसहरु बसाइसराइ प्रकृयामा संलग्न भएको देखिन्छ । जो व्यवसायिक कृषि, पशुपालन र व्यापार  गर्नका लागि बसाइ सरेको देखिन्छ ।महिलाहरु व्यापार व्यवसायको काम गर्ने गर्दछन् भने पुरुषहरू व्यापार, व्यवसायिक कुखुरापालन गर्ने काम गर्दछन् । यस्ता काम गर्ने मानिसहरू २० देखि माथिका उमेर समूहका रहेका छन् २० वर्ष मुनिका मानिसहरू अध्ययनमा सम्लग्न रहेका छन् । ४० देखि ५० उमेरसमूहका मानिसहरू कृषि कार्यमा सम्लग्न भएको देखिन्छ ।

## ४.१.२ लिंगका आधारमा उत्तरदाताको विवरण

कुन लिंगका मानिसहरु बसाइ सराइ प्रकृयामा संलग्न रहेका छन् भन्ने विषयले महत्व राख्ने भएकाले यहाँ उत्तरदाताको लैंगिक अवस्थालाई उल्लेख गरिएको छ ।

**तालिका नं २: लिंगका आधारमा उत्तरदाताको विवरण**

| क्र.स | लिंग | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला | १४ | ४६.६६ |
| २ | पुरुष | १६ | ५३.३३ |
| ३ | जम्मा | ३० | १००.०० |

*स्रोत: स्थलगत सर्भेक्षण, २०७३*

तलिका नं २ मा उल्लेख गरिए अनुसार यस अध्ययन क्षेत्रमा बसाइसराइ गरेर आउने महिला भन्दा पुरुषको सँख्या बढि देखिन्छ । बढी जसो महिलाहरु घर भित्रको काममा र कृषि कार्यमा बढी समय विताउने गरेको पनि देखिन्छ । केही महिलाहरु व्यापार व्यवसायको काम गर्ने गर्दछन् । पुरुषहरु व्यापार व्यवसायिक कुखुरा पालन गर्ने गर्दछन् ।

## ४.१.३ जातजातिको आधारमा उत्तरदाताको वितरण

जन्मका आधारमा निर्धारण गरिएको हैसियतलाई जात भनिन्छ । नेपाली समाजमा विभिन्न जातका मानिसहरूको बसोबास रहेको छ । यी जातहरूलाई मुलतः चार वर्ण व्यवस्थामा आधारित भएको देखिन्छ ब्राह्मण, क्षेत्री, वैश्य र शुद्रका आधारमा मानिसलाई पहिले देखि नै विभाजन गर्दै आएको पाइन्छ । यी जातीय विभाजनका विभिन्न पेशागत स्वरुपका केही हिस्सा आजको समाजमा पनि देखिन्छ । जहाँ मानिसका जातकै आधारमा पेशालाई निर्धारण गरिएको छ । पुरोत्याइँ गर्ने ज्ञान र शिक्षा आर्जन गर्ने बाह्मण, सैनिक र प्रशासकीय काम गर्ने क्षेत्रीय, पशुपालन, व्यापार र व्यवसाय गर्ने वैश्य तथा श्रम शिल्पकारी र सेवाको काम गर्ने शूद्र गरी चार वर्ण व्यवस्थामा विभाजन गरिएको छ (आहुती, २०६७) । कुन जातिका मानिसहरु बढी बसाइसराइ प्रकृयामा संलग्न छन् भन्ने महत्व राख्ने भएकाले क्षमताका आधारमा जातिगत आधारमा उत्तरदाताको विवरणलाई निम्नानुसार उल्लेख गरिएको छ :-

**तालिका नं. ३ जातजातिका आधारमा उत्तरदाताको वितरण**

| क.सं | जातजाति | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ब्राह्मण | १० | ३३.३३ |
| २ | क्षेत्री | १ | ३.३३ |
| ३ | नेवार | ६ | १९.३५ |
| ४ | तामाङ | ४ | १३.३३ |
| ५ | माझी | ७ | २३.३३ |
| ६ | नेपाली | २ | ७.७७ |
| जम्मा | | ३० | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७३*

माथिको तालिका नं ३ मा सवैभन्दा बढी ब्राह्मण जातिका मानिसहरु बसाइसराइ गरि बाउनेपाटीमा आएको देखिन्छ । ब्राह्मण जातिका मानिसहरुको पहिले देखिनै बाउनेपाटिमा जग्गा जमिन भएको र घर बनाएकोले पनि बसाइ सर्नेको संख्या बढेको हो । त्यस्तै गरी माझीहरुको सँख्या ब्राह्मणको भन्दा केही कम देखिन्छ । इन्द्रावतीको किनारको क्षेत्र भएको पनि माझीहरु माछा मार्न नजिक हुने भएकाले पनि बसाइसराइ गरेको देखिन्छ । नेवार २० प्रतिशत  र तामाङ १३.३३ प्रतिशत बसाइसराइ गरेको देखिन्छ । उनीहरु मानिसहरु व्यापार गर्ने मनासयले बसाइसराइ गरेको देखिन्छ ।

## ४.१.४ पेशाको आधारमा उत्तरदाताको वितरण

देशमा रहेका विभिन्न मानिसहरूले आफ्नो जीवन यापनका लागि विभिन्न प्रकारका कामहरूलाई पेशाका रुपमा अङ्गीकार गरेका हुन्छन् । पेशाहरू धेरै प्रकारका हुन्छन् । कुनै व्यक्तिद्वारा सम्पादन गरिने काम उसको पेशा हो भने त्यस्तो पेशामा रहेका व्यक्तिको काम र कर्तव्यलाई दक्षतापूर्णक सन्चालन गर्नु सिप भएकाले कामको प्रकृति, शैक्षिक योग्यता, अनुभव, तालिम, दक्षता आदिका आधारमा पेशालाई वर्गीकरण गरिएको छ

। नेपालमा एउटै कामदार दुई तीन पेशामा सम्लग्न भएको पाइन्छ । त्यस्तो अवस्थामा कामदारले जुन पेशामा बढी समय खर्चेको हुन्छ वा बढी आय आर्जन गरेको हुन्छ, त्यसलाई नै मुख्य पेशा मानिएको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०५६) । बसाइसराई प्रकृयाले मानिसको जातिगत पेशा छनौटमा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । परम्परागत पेशा अपनाइरहेका मानिसहरू पनि नयाँ ठाउँमा रोजगारी छनौटको पर्याप्त अवसर हुने भएकाले क्षमताका आधारमा पेशा अपनाइरहेको देखिन्छ ।

शिक्षाले मानिसलाई नयाँ नयाँ अवसर प्रदान गर्ने, रोजगारीको छनौटको अवसर प्राप्त हुने वा पर्याप्त रोजगारी हुने गर्दछ । शिक्षा प्राप्त गर्नका लागि मानिसहरू शहरी क्षेत्रमा बसाइसराइ गर्न थालेको देखिन्छ । जीविकोपार्जनका लागि उपयुक्त रोजगारीको खोजीमा मानिसहरू एक ठाउँबाट अर्को ठाउँमा जाने गर्दछन् । त्यसैले यहाँ बसाइसराइ प्रकृयामा पेशाको अवस्थाले प्रभाव पार्ने भएकाले उत्तरदाताको पेशागत अवस्थालाई उल्लेख गरिएको छ ।

**तालिका नं. ४ पेशाको आधारमा उत्तरदाताको वितरण**

| क्र.सं | पेशा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | ३ | १० |
| २ | व्यापार | १० | ३३.३३ |
| ३ | नोकरी | ३ | १० |
| ४ | अध्ययन | २ | ६.६६ |
| ५ | कृषि+व्यापार | ५ | १६.६६ |
| ६ | अध्ययन+व्यापार | २ | ६.६६ |
| ७ | अध्ययन +कृषि | १ | ३.३३ |
| ८ | नोकरी+अध्ययन | ३ | १० |
| ९ | नोकरी +अध्ययन | १ | ३.३३ |
| १० | जम्मा | ३० | १००.०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७३*

तालिका नं ४ मा सवै भन्दा बढि व्यापार गर्ने मानिसहरुको सँख्या रहेको देखिन्छ । सुविधा सम्पन्न र मानिसहरुको आवतजावत बढि हुने भएकोले अन्य स्थानबाट बसाइ सरेर आउनेको सँख्या बढेको देखिन्छ । कृषिमा मात्र १३.३३ प्रतिशत र कृषि र व्यापार दुवैमा सँलग्न हुने मानिसहरु १३.३३ प्रतिशत रहेको देखिन्छ ।. जसबाट के देखिन्छ भने कृषि र व्यापार दुवै पेशामा मानिसहरु बराबर संलग्न भएको छ भन्ने देखिन्छ । अध्ययन र कृषि , नोकरी र कृषि पेशा अपनाउने १० ,१० प्रतिशत मानिसहरु रहेका छन् ।जसले गर्दा हाल मानिसहरुले जे जे पेशा अपनाए पनि कृषि पेशा नछोडेको भन्ने बुझिन्छ । परम्परागत पेसामा परिवर्तन आउँदै गरेको पाइयो जस्तै कृषि गर्दा उत्पादनका लागि रसायनिक मल, कृषि कार्यालयबाट उत्पादन हुने किसिमका बिउ विजनहरूको प्रयोग गर्दै उत्पादन बढाउँने कार्यमा लागेको देखियो । त्यस्तै समाजमा हिजोका दिनमा एउटै पेसा कृषि अगाँल्ने परिवारले अहिले आएर यसको वैकल्पिक पेसा (व्यापार, व्यवसाहिक पशुपालन ) अँगाल्न थालेको देखियो । यसबाट के देखिन्छ भने बसाइसराइका कारण परम्परागत पेशामा विस्तारै विस्तार परिवर्तन ल्याउन थालेको देखिन्छ । हिजोका दिनहरूमा कृषि, मेला, पर्म, मजदुरी गरेर जीविका चलाउने परिवार आज आएर व्यावसाहिक कृषि, व्यापार तथा अन्य उत्पादनमुलक पेशामा संम्लग्न हुने गरेको देखिन्छ ।

### ४.१.५. शिक्षाको आधारमा उत्तरदाताको विवरण

रार्ष्टिय पाठ्यक्रम प्रारुप,२०६३ले शिक्षालाई ५ वटा तहमा विभाजन गरेको छ । जसमा कक्षा १ देखि८ सम्म आधारभुत तह ९ देखि १२ लाई माध्यमिक तह स्नातक स्नातकोत्तर र विद्यावारिधी हुन् । सोही अनुरुप यस अध्ययन क्षेत्रमा रहेका मानिसको शिक्षाको अवस्थालाई छुट्याइएको छ ।

शिक्षाले मानिसलाई नयाँ नयाँ अवसर प्रदान गर्ने, रोजगारीको छनौटको अवसर प्राप्त हुने वा पर्याप्त रोजगारी हुने गर्दछ । शिक्षा प्राप्त गर्नका लागि मानिसहरू शहरी क्षेत्रमा बसाइसराइ गर्न थालेको देखिन्छ । जीविकोपार्जनका लागि उपयुक्त रोजगारीको खोजीमा मानिसहरू एक ठाउँबाट अर्को ठाउँमा जाने गर्दछन् । त्यसैले यहाँ बसाइसराइ प्रकृयामा शिक्षाको अवस्थाले प्रभाव पार्ने भएकाले उत्तरदाताको शिक्षागत अवस्थालाई तल उल्लेख गरिएको छ ।

**तालिका नं. ५ शिक्षाको आधारमा उत्तरदाताको विवरण**

| क.सं | शिक्षा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आधारभुत तह | ९ | ३० |
| २ | माध्यमिक तह | १८ | ६० |
| ३ | स्नातक | २ | ६.६६ |
| ४ | स्नातकोत्तर | १ | ३.३३ |
| जम्मा | | ३० | १००.०० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७३*

तालिका नं. ५ अनुसार यस अध्ययन क्षेत्रमा माध्यमिक तह पढेका ६० प्रतिशत मानिसहरु बसाइसराइ गरेको देखिन्छ । जो व्यापार गर्ने शिलशिलामा बसाइसरेका हुन् । आधारभुत तह पास गर्ने ३० प्रतिशत स्नातक पास गर्ने ६.६६ प्रतिशत र स्नातकोत्तर पास गर्ने ३.३३ प्रतिशत मानिस बसाइसराइ गरेको देखिन्छ । आधारभुत तह पास गर्ने मानिसहरु व्यापार र व्यवसायिक कृषि खेतिका लागि बसाइसरेको देखिन्छ । माध्यमिक तह पास गर्ने मानिसहरु व्यापार गर्न बसाइसरेको देखिन्छ भने स्नातक र स्नातकोत्तर पास गर्ने नोकरीमा संलग्न भएको देखिन्छ ।

## ४.१.६.. मातृभाषाका आधारमा उत्तरदाताको वितरण

नेपाली समाज विभिन्न भाषाभाषी तथा जातजातिको बसोबास भएको विविधतामा आधारित समाज हो । मानिसले जन्मदा देखि नै प्रयोग गरेको भाषा मातृभाषा हो । जात जन्मका आधारमा निर्धारण गरिएको हैसियत हो । जुन मानिसको इच्छा अनसार परिवर्तन गर्न सकिँदैन । भाषाले मानिसहरूको पहिचान सँग सम्बन्ध राखेको हुन्छ । नेपालका मुलतः १२५ जातजाति र १२३ भाषा रहेको छ । प्रायजसो हरेक जातिको मातृभाषा रहेको यस तथ्याङ्कबाट बुझ्न सकिन्छ । बसाइसराइ प्रकृयाले मानिसहरूको भाषाको अवस्थालाई प्रभाव पार्दछ ।

मातृभाषामा परिवारका सदस्यकाबीच मात्र कुराकानी गरिने भएकाले मानिसहरू आफ्नो मातृभाषा प्रयोग गर्न नजान्ने अवस्थामा पुगेको देखिन्छ । बसाइसराइ प्रकृयासँगै जाति विशेषका भाषाहरू लोप हुन पुग्ने अवस्था आएको देखिन्छ । यस क्षेत्रका मानिसहरुले नेपाली र आफ्नो मातृभाषा दुवै प्रयोग गर्ने भएकाले यसलाई एक समुहमा राखि अध्ययन गरिएको छ । त्यसैले मानिसहरूको भाषिक अवस्थालाई महत्वपूर्ण मानी यस अध्ययन क्षेत्रमा रहेको भाषिक अवस्थालाई अध्ययन गर्न निम्नानुसार देखाइएको छः

**तालिका नं. ६ मातृभाषाका आधारमा उत्तरदाताको वितरण**

| क.सं | मातृभाषा | सँख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | २१ | ७० |
| २ | तामाङ | - | - |
| ३ | नेवारी | - | - |
| ४ | नेपाली+नेवारी | ४ | १३.३३ |
| ५ | नेपाली+तामाङ | ५ | १६.६६ |
| ६ | जम्मा | ३० | १००.०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७३*

तालिका नं ६ मा नेपाली भाषा बोल्ने मानिसहरूको सङ्ख्या धेरै रहेको देखिन्छ । नेवार र तामाङ जातिका मानिसहरूले आफ्नो मातृभाषालाई पारिवारिक भाषाका रुपमा प्रयोग गर्ने गरेको देखिन्छ आफ्नो जन्मथलो छोडेर अन्य समुदायमा बस्दा सम्पर्क भाषाका रुपमा आफ्नो भाषा नभइ अन्य (नेपाली) भाषालाई नै प्रयोग गरेको देखिन्छ । मातृभाषामा परिवारका सदस्यकाबीच मात्र कुराकानी गरिने भएकाले मानिसहरू आफ्नो मातृभाषा प्रयोग गर्न नजान्ने अवस्थामा पुगेको देखिन्छ । बसाइसराइ प्रकृयासँगै जाति विशेषका भाषाहरू लोप हुन पुग्ने अवस्थामा पुगेको देखिन्छ । नेपालको २०६८ को जनगणना अनुसार नेपाली भाषा बोल्ने मानिसहरूको सङ्ख्या ४४.६ प्रतिशत रहेको छ । त्यस्तै यस अध्ययन क्षेत्रमा ७० प्रतिशत मानिसहरुले नेपाली भाषा बोल्ने गरेको देखिन्छ । तामाङ भाषा र नेवारी

भाषा मात्र बोल्ने मानिस देखिन्न भने तामाङ र नेपाली बोल्ने १३.३३ प्रतिशत र नेवार र नेपाली दुवै भाषा बोल्ने १६.६६ प्रतिशत रहेको देखिन्छ । यस अध्ययन क्षेत्रमा रहेका माझीहरुले नेपाली भाषालाई नै आफ्नो भाषाका रुपमा बोल्ने गरेको देखिन्छ । यस बाट के देखिन्छ भने बसाइ प्रकृया सँगै मानिसहरुको मातृभाषामा अन्य भाषाको प्रभाव परेको देखिन्छ ।

### ४.१.७ धर्मका आधारमा उत्तरदाताको वितरण

धर्म भनेको मानिसले पहिलेदेखि नै धारण गर्दै आएको मान्यता हो । नेपालको हरेक समाजमा विभिन्न धर्म मान्ने मानिसहरू बसोबास गरिरहेका छन् । भगवान् शिव, कृष्ण, देवी दुर्गा, लक्ष्मीलाई देव देवताका रुपमा पुज्ने तथा गीतालाई धार्मिक ग्रन्थका रुपमा मान्ने धर्म हिन्दु धर्म हो भने भगवान्का रुपमा गौतम बुद्धलाई मान्ने धर्म बौद्ध धर्म हो । मुलतः नेपालको २०६८ को जनगणना अनुसार नेपालमा धार्मिक समूह हिन्दु, बौद्ध, इस्लाम, शिख, जैन, प्रकृत, बोन, बहाई, क्रिस्चियन र किराँत धर्म आदि गरी दश वटा धर्म मान्ने मानिसहरू बसोबास गर्दछन् । यी विभिन्न धर्मावलम्बी मध्ये हिन्दु धर्म मान्ने सबैभन्दा बढी ८१.३४ प्रतिशत र सबैभन्दा कम प्रतिशत बहाई धर्म मान्ने मानिसहरू रहेका छन् । बसाइसराइ कार्यसँगै धर्मपनि परिवर्तन हुन सक्ने भएकाले धर्मलाई महत्वपूर्ण रुपमा लिइएको छ । शहरीकरण र आधुनिकीकरणसँगै हिन्दु तथा बौद्ध धर्म मान्ने मानिसहरूले क्रिस्चियन धर्म मान्न थालेको पाइन्छ । मेलम्ची नगरपालिकामा भने मुलतः हिन्दु र बौद्ध धर्म मान्ने मानिसहरू बसाइसराइ गरेर आएको देखिन्छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका नं.७ धर्मका आधारमा उत्तरदाताको वितरण**

| क.स | धर्म | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दु | २० | ६६.६६ |
| २ | बौद्ध | ४ | १३.३३ |
| ३ | तान्त्रिक धर्म | ६ | २० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७३*

हिन्दु धर्म मान्ने मानिसहरू बौद्ध धर्म मान्ने भन्दा ५३ प्रतिशतले बढी देखिन्छ । तामाङहरुले बौद्ध धर्म न मान्ने गरेको देखिन्छ । बौद्ध धर्म मान्ने मानिसहरूको घरको सबैभन्दा माथि मन्दिर बनाएको देखिन्छ भने बुद्ध धर्म मान्ने मानिसहरूले कौसीमा 'ॐ मने पेमे हुँ' लेखेको ध्वजा पताका लगाएर गुम्बा बनाएको देखिन्छ । माझी जातिका मानिसले आफ्नै तान्त्रिक धर्म मान्ने गरेको देखिन्छ उनिहरुको आफ्नै चाडपर्व र सँस्कार रहेका छन् । जुनसुकै धर्मका भएपनि यहाँका मानिसहरू नजिक घर बनाएर बसेको देखिन्छ । एक आपसमा मित्रताको भावना रहेको देखिन्छ ।

## ४.२ बसाइसराइका कारण

मानिसहरुलाई बसाइसराइ गर्नका लागि विभिन्न तत्वहरुले प्ररित गरेको हुन्छ । यस अध्ययनमा बसाइसराइ गर्नका लागि बाध्य गर्ने र प्रेरित गर्ने तत्वहरुलाई निम्नानुसार उपशीर्षकमा राखी व्याख्या गरिएको छ ।

### ४.२.१ बसाइसराइ गर्न बाध्य गराउने (विकर्षक) तत्वहरू

बसाइसराइ एक सामाजिक घटना हो । जुन समाजमा निरन्तर रुपमा घटिरहेको हुन्छ । मानिसहरू आफू बसेको स्थानमा आधारभूत आवश्यकता पूरा हुन नसके पछि अन्य सुविधा सम्पन्न ठाउँमा जाने गर्दछन् । आफ्नो जन्मेको ठाउँमा रोजगारीको अवसरको अभावका कारण छोड्ने गर्दछन् । गरिबीमा रहेका मानिसहरू छोटो दुरीमा बसाइ सर्ने गर्दछन् । किनकी तिनीहरूले परिवारका सदस्य तथा आफैँले गाउँबाट खाद्यान्न ल्याएर जीविकोपार्जन गर्दछन् । त्यसैले उनीहरू लामो दुरीमा बसाइ सर्न चाहँदैनन् । केही भने गरिब परिवार भएपनि शैक्षिक अवसर र रोजगारीको अवसर प्राप्त हुने अवस्थामा भने मानिसहरूले बसाइसरेका हुन्छन् (गुरुङ, २००८) । वर्तमान समयमा पौढ महिलाहरू बच्चा पढाउनका लागि शहरी क्षेत्रमा बसाइ सरेका छन् । जवान जोडीहरू भने जन्म स्थान बाहिर गएर आर्थिक उपार्जन सँगै शहरमा घर बनाएर बस्न थालेका छन् । शहरको सुविधाले मानिसहरूलाई बसाइसराइ गर्न उत्पेरणा प्रदान गरेको छ । तर बढी जसो बसाइसराइ गर्ने मानिसहरू आफ्नो जन्मस्थानमा भएको आर्थिक असफलताका कारण बसाइसरेका छन् । केही उत्तरदाताले शिक्षा प्राप्त गर्न, सामाजिक हैसियत र भारतलाई बुझ्न बसाइसरेको उल्लेख गरेको छन् (गौतम, १९९९) । बाढी, पहिरो, महामारी र द्वन्द्वआदि जस्ता विपत्तिबाट

बच्नका लागि पनि मानिसहरू बसाइसराइ गर्दछन् । त्यसैले बसाइसराइ समाजमा आउने उथलपुथलका कारण पनि हुने गरेको छ । बसी राखेको क्षेत्रमा जनसंङ्ख्याको चापका कारण स्रोत र साधनको अभाव हुने र जागिरको अवसर नभएको ग्रामीण क्षेत्रबाट मानिसहरू बसाइसराइ गर्ने गर्दछन् । आजको नयाँ प्रविधि र विज्ञानको युगमा परम्परागत कृषि प्रणालीमा आधारित जीवनभन्दा आधुनिक सुविधायुक्त कृषि प्रणालीमा आधारित सहज तरिकाले मानिसहरूले कृषि गर्न थालेका कारण पनि बाटोको सुविधा, भएको ठाउँमा बसाइ सर्न थालेको देखिन्छ । मानिसहरू असहजताबाट फाइदा र सहजताका लागि आफ्नो जन्म थलो छोडेर अन्यत्र आएका हुन्छन् । विभिन्न ठाउँबाट बसाइँ सरेर आएका मानिसहरूलाई “किन तपाइँ आफ्नो गाउँ छोडेर आउनुभयो ?” भनेर सोध्दा बढीजसो उत्तरदाताले शहरी सुविधाको अभाव, उच्च शिक्षाको अभाव, यातायातको असुविधा, सन्चारको असुविधा, रोजगारीको अभाव, स्वास्थ्यको असुविधा र सशस्त्र द्वन्द्व आदिका कारण जन्मस्थल छोडेर आएको उल्लेख गरेका छन् । बसाइसराइका यी विभिन्न कारणहकरू र मानिसहरूको प्रतिशतलाई तालिका नं ८ मा निम्नानुसार उल्लेख गरिएको छ :-

**तालिका नं.८ बसाइसराइ गर्न बाध्य गर्ने (विकर्षक) तत्वहरू**

| क्र.स | बसाइसराइका तत्वहरू | जम्मा | प्रतिशत % |
|---|---|---|---|
| १ | शहरी सुविधाको अभाव | २५ | ८३.३३ |
| २ | उच्च शिक्षाको अभाव | १० | ३३.३३ |
| ३ | भुकम्पका कारण | ३ | १० |
| ४ | सशस्त्र द्वन्द्व | २ | ६.६६ |
| ५ | यातायातको असुविधा | १० | ३३.३३ |
| ६ | भौगोलिक विकटता | २३ | ७६.६६ |
| ७ | गरिबी | ५ | १६.६६ |
| ८ | रोजगारीको अभाव | १५ | ५० |
| ९ | सन्चारको अभाव | १२ | ४० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७३*

यहाँ मानिसहरू किन बसाइसराइ सरेर आए भन्ने कुरालाई विश्लेषण गरिएको छ । ८३.३३ प्रतिशत मानिसले सहरी सुविधाको अभावका कारण बसाइसराइ सरेको बताएकाले

बसाइसराइ गर्ने महत्वपूर्ण कारण सहरी सुविधाको अभाव रहेको देखिन्छ । यसको तुलनामा जागिरको अवसर, भौगोलिक विकटताका कारण बसाइसराइ गर्ने मानिसको सङ्ख्या कम देखिन्छ । भौगोलिक विकटताका कारण बसाइ सर्ने मानिस भन्दा शहरी सुविधा नभएकाले बसाइसराइ गरेका मानिस लगभग १० प्रतिशत भन्दा कम देखिन्छ । उच्च शिक्षाको अभावले बसाइ सर्नेको प्रतिशत भौगोलिक विकटताका कारण बसाइ सर्नेहरूको प्रतिशत आधाले कमी छ । यहाँ बसाइसराइ गर्नुका कारणहरु लाई सङ्क्षेपमा निम्नानुसार उल्लेख गरिएको छ ।

### क) शहरी सुविधाको अभाव

कमजोर आर्थिक अवस्था भएका मानिसहरू व्यापार व्यवसाय गर्नका लागि तथा परिवारका सदस्यहरू, वैदेशिक रोजगारीमा आबद्ध मानिसहरू सहर बजार भएकाले बसाइ सरेका बताएका छन् । सहरी सुविधाको अभावले ८३.३३ प्रतिशत मानिसहरु बसाइ सरेकोले मेलम्ची नगरपालिकामा बसाइसराइ गर्न प्रेरित गर्ने तत्वहरूमा यसलाई महत्वपूर्ण तत्व मान्न सकिन्छ । यस क्षेत्रमा मानिसहरूथाक्ले, पिपलचौर , बासवारी, देउराली, आदि बाट बसाइसराइ गरि आएको देखिन्छ । यहाँ खेतीपातीमा कोदो, मकै र न्यून मात्रामा फलफूल मात्र फल्ने भएकाले मानिसहरू बाउनेपाटीमा बसाइसराइ गरेको देखिन्छ ।

### ख) उच्च शिक्षाको अभाव

बसाइसराइ गर्न प्रेरित गर्ने महत्वपूर्ण तत्वमध्ये शिक्षा पनि एक हो । आधारभूत शिक्षाका लागि समस्या नभएपनि उच्च शिक्षाकालागि नजिकै विद्यालय नभएकाले भोटेनाम्लाङ ,पातलेखेतका मानिसहरू बाउनेपाटीमा बसाइसरेको देखिन्छ । केही मानिसहरु बालबच्चाको एस.एल.सी सकिएपछि आइ.ए पढाउनका लागि बसाइसरेको बताए भने केहीले बोडिङमा बच्चा पढाउनका लागि बसाइसरेको बताए । ३३.३३ प्रतिशत मानिसहरु शिक्षा प्राप्त गर्नका लागि बसाइ सरेको देखिन्छ ।

### ग) महाभुकम्पको प्रभाव

गत बर्ष २०७२ ०१ १२ गते गएको  महाभुकम्पका  कारण मेलम्ची नगरपालीकाका घरहरु ध्वस्त भए। आफु बसेका ठाउँ नै जोखिममा परेपछि बाउनेपाटीमा बसाइसर्न बाध्य भएको बताए । विशेषगरि थाक्लेमा घर र जनधनको क्षति बढि भएको र आफ्नो घर जग्गा भएको ठाउँ बस्न अयोग्य ठहरिएपछि बसाइ सरेको बताए  । कतिपय भने आफ्ना छोरा छोरी भुकम्पमा परि गुमेपछि उनिहरुको सम्झना मेट्न बसाइसरेको बताए । जसका कारण यस बाउनेपाटीमा १० प्रतिशत मानिसहरु बसाइसरेको देखिन्छ ।

### घ) सशस्त्र द्वन्द्व

नेपालमा चलेको दश वर्षे जनयुद्धले बसाइसराइ प्रकृयामा प्रत्यक्ष प्रभाव पारेको छ । राज्यतर्फबाट र विद्रोहीबाट ग्रामीण समाजका जनतामा प्रत्यक्ष प्रभाव परेकाले मानिसहरू शहरी क्षेत्र जहाँ सुरक्षाको प्रत्याभूति भएको छ त्यस्ता स्थानमा बसाइ सर्ने प्रकृया धेरै भएको देखिन्छ । माओवादीले बालबच्चालाई आफ्नो पार्टीमा हिँड्न दबाब दिन थाले । यसरी दुःख दिइरहने भएकाले यस ठाउँमा बसाइ सरेको बताए । मेलम्ची नगरपालिकामा पनि ४.४४ प्रतिशत मानिसहरू सशस्त्र द्वन्द्व कारणले मानिसहरू बसाइ सरेका छन् । सबैभन्दा कम प्रतिशत मानिसले सशस्त्र द्वन्द्वका कारण बसाइ सरेको बताए पनि द्वन्द्वले समाजमा प्रभाव पारेको देखिन्छ जसका कारण मानिसहरु बसाइ सरेका छन् ।

### ङ) यातायातको असुविधा

सडक बाटोले मानिसको जीवनलाई सहज बनाउने गर्दछ साथै बाटोको सुविधा पछि अन्य सुविधा ल्याउन पनि सहज हुने गर्दछ । गाउँमा बाटो थिएन, विरामी परेपनि लामो बाटो बोकेर लानु पर्थ्यो । बजार थिएन । खानेकुरा किन्न लामो बाटो  हिँडेर यहाँ नै आउनु पर्दथ्यो । यसरी दुख गर्नु पर्ने भएकाले यहाँ बसाइसरेको बताए । यस अध्ययनमा २२.२२ प्रतिशत मानिसहरु सडक नपुगेको कारणले बसाइसरेको देखिन्छ ।

**च) भौगोलिक विकटता**

नेपालको भू-बनोट असमान छ । गाउँमा डाँडाकाँडामा हिँड्नु पर्ने, खाद्यान्न, राम्रो उब्जनी नहुने, पानी, कुलो, नहर आदिको अभावका कारण पनि मानिसहरू सहज भूगोल भएकाले यस ठाउँमा बसाइसरेको बताए । त्यस्तै भौगोलिक असमानता वा विकटताका कारण मेलम्ची नगरपालिकाको समतल भू-भागमा मानिसहरू बसाइ सरेको देखिन्छ । थाक्ले,बासबारीका मानिसहरु भौगोलिक विकटताका कारण बसाइ सरेका छन् । भौगोलिक विकटताका कारण बसाइ सर्ने मानिसहरु ५१.११ प्रतिशत रहेका छन् ।

**छ) गरिबी**

आय कम भएकाले, कृषि बाहेक अर्को पेशा नभएकाले, आफ्नो आधारभूत आवस्यकता पूरा गर्न असमर्थ भएपछि सानोतिनो व्यापार व्यवसाय र अन्य काम पनि धेरै ज्यालामा गर्न पाइने र स-साना घरेलु काम पाइने देखेर बाउनेपाटीमा बसाइ सरेको बताए । यहाँ ११.११ प्रतिशत मानिसहरु गरिबी कै कारण बसाइ सरेको देखिन्छ ।

**ज) रोजगारीको अभाव**

सहरमा ज्यालादारी काम पाउने भएकाले, प्राधिकरणमा जागिर भएकाले र ग्रामीण क्षेत्रमा रोजगारीमा विविधता नहुने भएकाले मानिसहरु रोजगारीको व्यापकता भएको सहरी क्षेत्रमा बसाइ सरेको बताए । यहाँ ३३.३३ प्रतिशत मानिसहरु रोजगारीको अभावका कारण बसाइ सरको देखिन्छ । मानिसका लागि आधारभूत आवस्यकताको परिपूर्ति नै रोजगारीले गराउँछ । खेतको उब्जनीले मात्र जीविका चलाउन नसकेपछि मानिसहरू शैक्षिक वा अन्य खालको रोजगारी प्राप्त हुने क्षेत्र बाउनेपाटीमा बसाइ सरेको देखिन्छ । रोजगारीका लागि विभिन्न गैर सरकारी संस्थाको स्थापना, विभिन्न उद्योगधन्दाको स्थापना,मेलम्ची खानेपानी आोजना स्थापना भएको क्षेत्र भएकाले मानिसहरू यस नगरपालिकामा बसाइ सरेको देखिन्छ ।

**झ) सन्चारको अभाव**

आजको वैज्ञानिक समयमा सन्चारको मानिसका लागि महत्वपूर्ण पक्ष हो । आफन्तसँगको सम्बन्धलाई सन्चारले नै नजिक बनाउँछ । गाउँमा फोन थिएन । छोरा विदेशमा गएको

थियो । विदेशमा भएको छोरासँग कुराकानी गर्न बसाइ सरेको बताए भने केहीले आफन्तसँग कुरकानी गर्न हुने र सन्चारसँगै अरु सुविधा पनि भएकाले बसाइ सरेको बताए । यहाँ पनि २६.६७ प्रतिशत मानिसहरु सन्चारको सुविधा नभएका कारण बसाइ सरेको देखिन्छ ।

## ४.२.२ बसाइसराइ गर्न प्रेरित गर्ने (आकर्षक) तत्वहरू

बसाइसराइ गर्नका लागि प्ररित गर्ने सकारात्मक तत्वहरू आकर्षक तत्व हुन् । मानिस बसिराखेका ठाउँमा आवश्यकताको परिपूर्ति हुन नसके पछि बसाइ सर्ने गर्दछन् । नेपालमा सरकारी तवरबाट नै २०२१ मा भूमि सुधार कार्यक्रम लागु गरी मानिसहरूलाई तराईमा बसोबास गर्न प्रेरित गरेको थियो । त्यसैले योजनाबद्ध रुपमा सामाजिक विकास गर्नका लागि पनि बसाइसराइ कार्यक्रम सन्चालन हुने गर्दछ । जुन मानिसको भलाइका लागि केन्द्रित हुने गर्दछ । बसाइसराइ देशको समग्र विकासमा परिवर्तन ल्याउने तत्व हो । यसले व्यक्ति, परिवार, समाज र  र समग्र राष्ट्रमा सकारात्मक वा नकारात्मक परिवर्तन ल्याउने गर्दछ । बसाइसराइको सुरुवात नयाँ अवसरको खोजी गर्ने प्रकृया सँगै भएको हो । खाद्यान्न, लत्ताकपडा, आवास, शिक्षा र स्वास्थ्य सुविधा पहिलेको बसोबास गरेको ठाउँका भन्दा तुलनात्मक रुपमा नयाँ ठाउँमा राम्रो भएमा मानिसहरू बसाइ सर्दछन् । तैपनि आधुनिक समयमा बसाइसराइको कारण अवसरमा मात्र सिमित रहन सक्दैन । उत्तर आधुनिक समयमा बसाइसराइलाई सामान्य घटनाका रुपमा लिने गरिन्छ (Khatiwoda,2010) । मुलतः शहरी सुविधा, खेतीयोग्य जमिन, व्यापारी क्षेत्रको सुविधा, यातायातको सुविधा, भौगोलिक सुविधा र स्वास्थ्यको सुविधा आदिका कारण मानिसहरू गाउँबाट सहरतर्फ बसाइ सर्ने गरेको देखिन्छ । यस अध्ययनमा मानिसहरूलाई बसाइ सर्न प्रेरित गर्ने तत्वहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :-

**तालिका नं. ९ बसाइसराइ गर्न प्रेरित गर्ने आकर्षक तत्वहरू**

| क्र.सं | बसाइसराइका कारणहरू | जम्मा | प्रतिशत % |
|---|---|---|---|
| १ | शहरी सुविधा | २४ | ८० |
| २ | उच्च शिक्षाको अवसर | १० | ३३.३३ |
| ३ | खेतीयोग्य जमिन | ३ | १० |
| ४ | व्यापारी क्षेत्रको सुविधा | २२ | ७३.३३ |
| ५ | यातायातको सुविधा | १० | ३३.३३ |
| ६ | भौगोलिक सुगमता | २१ | ७० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०७३*

यस तथ्याङ्कलाई हेर्दा ८० प्रतिशत भन्दा बढी मानिसहरूले शहरी सुविधालाई बसाइसराइको आकर्षक तत्व मानेको देखिन्छ । त्यसैले यसलाई बसाइसराइको महत्वपूर्ण कारण मान्न सकिन्छ । स्वास्थ्यको सुविधा, भौगोलिक सुगमता, व्यापारी क्षेत्र, उच्च शिक्षाको अवसर आदिका कारण बसाइ सरेका छन् । यस तथ्याङ्क हेर्दा धेरै मानिसहरू सुविधा युक्त क्षेत्रमा बस्न चाहन्छन् । ६३.३३ प्रतिशत मानिस स्वास्थ्य सुविधाका कारण बसाइसराइ गर्ने गरेको देखिन्छ । जुन सहरी सुविधाले बसाइसराइ गर्नेहरू भन्दा आधाले कमी हो । सम्पूर्ण जनसङ्ख्याको आधा मानिसहरू उच्च शिक्षाको सुविधा भएकाले बसाइ सरेको देखिन्छ । यस नगरपालिका बालबच्चा पढाउनका लागि विद्यालय र कलेजको सुविधायुक्त क्षेत्र भएकाले यहाँ बसाइ सरेको दखिन्छ । व्यापारी सुविधाका कारण बसाइ सर्ने मानिसहरू ५० प्रतिशतको नजिक देखिनुले दैनिक जीविकोपार्जनका लागि व्यापार गर्न सकिने भएकाले पनि मानिसहरू यहाँ बसाइसराइ गरेको भन्न सकिन्छ । बसाइसराइका कारणहरूलाई समग्रमा निम्नानुसार उल्लेख गरिएको छ ।

### क) शहरी क्षेत्रको सुविधा

यस नगरपालिकामा खेतीपातीमा धान, गहुँ, मकै र तरकारीका अतिरिक्त व्यापार व्यवसाय पनि गर्न सकिने भएकाले यो बसाइसराईको उचित गन्तव्य स्थल बनेको देखिन्छ । बच्चा हुर्के पछि बच्चालाई राम्रो स्कुलमा पढाउन बसाइ सरेको बताए भने केहीले कृषिबाट मात्र परिवारलाई खान, पढाउन गाह्रो भयो । यहाँ व्यापार गर्न सकिने भएकाले बसाइ सरेको बताए । ७३.३३ प्रतिशत मानिसहरूले शहरी क्षेत्रमा विभिन्न सुविधा शिक्षा, स्वास्थ्य, व्यापार, रोजगारी आदिको सुविधा भएकाले यस क्षेत्रमा मानिसहरू प्रायः मेलम्ची नगरपालिकामा बसाइ सरेको बताए ।

### ख) उच्च शिक्षाको अवसर

छोराछोरीलाई उच्च शिक्षा दिनका लागि मानिसहरु बसाइसरेको देखिन्छ । छोरा छोरी कलेज पढाउनु पर्ने भयो, गाउँबाट जान गाह्रो भयो र अलिअलि भएको पैसा जम्मा गरेर यहाँ आएर बस्न थालेको बताए । केहीले विदेश गएर आएको पैसाले बालबच्चा पढाउनु पनि पर्ने भएकाले यहाँ बसाइसरेको बताए । ३३.३३ प्रतिशत मानिसहरुले उच्च शिक्षाको अवसर भएको मेलम्ची नगरपालिकामा बसाइ सरेको देखिन्छ ।

### ग) यातायातको सुविधा

नेपालको प्रायः ग्रामीण भेगमा यातायातको सुविधा अझै पुगेको छैन । त्यसैले ग्रामीण जनजीवनबाट मानिसहरू सहरी क्षेत्रमा बसोबास गर्न थालेका छन् । थाक्ले ,गिरानचौर ,फटकसिला,बासबारी जस्ता ठाउँबाट आई यस स्थानमा बसोबास गरिरहेका मानिसहरूले यातायातको असुविधाले नै बसाइ सरेको बताएका छन् । उनीहरुले गाउँमा फलेको धान बेच्न टाढा जानु पर्ने भएकाले बसाइसरेको बताए । बाटो नभएकोले हरेक काम गर्न कठिन भएकाले बसाइ सरेको बताए । यहाँ ३३.३३ प्रतिशत मानिसहरुले यातायातको सुविधा भएकाले मानिसहरू बसाइ सरेको देखिन्छ ।

**घ) भौगोलिक सुगमता**

समथर भूभाग भएको बाउनेपाटीमा मानिसहरु भौगोलिक सुगमता भएका कारणले बसाइ सरेको देखिन्छ । बाबु आमा बुढो हुनु भयो, काम गर्न उकालो ओरालो बाटो हिँडिरहनु पर्ने भएकाले र आमा बुबालाई उपचार गर्न सजिलो हुने भएकाले यहाँ बसाइसरेको बताए । यहाँ ७० प्रतिशत मानिसहरु भौगोलिक सुगमताका कारण बसाइ सरेको देखिन्छ ।

**ङ) खेती योग्य जमिन**

नेपालका ८० प्रतिशत भन्दा बढी मानिसहरु कृषिमा आधारित भई जीविकोपार्जन गरिरहेका छन् । नगरपालिकामा धान उत्पादन हुने र तरकारी बाली लगाउन पनि सजिलो हुने भएकाले बसाइ सरेको बताए । यस अध्ययनमा भने १० प्रतिशत मानिसहरु खेतीयोग्य जमिन भएका कारणले बसाइ सरेको देखिन्छ ।

**ज) स्वास्थ्यको सुविधा**

मानिसका लागि अति आवस्यक चीज स्वास्थ्यको सुविधाको अभाव भएको ठाउँबाट सुविधा युक्त ठाउँमा बसाइ सरेको देखिन्छ । धुलिखेल अस्पताल यहाँ नजिकै रहेको छ, जसले गर्दा स्वास्थ्य सुविधा प्राप्त हुने कारणले पनि मानिसहरु बसाइ सरेको देखिन्छ । यहा बसोबास गरिरहेका धेरै मानिसहरु धुलिखेल अस्पताल नजिक भएकाले बसाइसरेको बताए । आमाबाबुलाई उपचार गर्न सजिलो हुने भएकाले, आफू बिरामी हुँदा पनि उपचार गर्न सजिलो हुने भएकाले बसाइसरेको बताए । यहाँ ६३.३३ प्रतिशत मानिसहरु स्वास्थ्यका सुविधाका कारण बसाइ सरेको देखिन्छ ।

## ४.२.३ बसाइसराइ गर्ने प्रकृयामा निर्णयकर्ता

हरेक क्षेत्रमा नयाँ कामको थालनी गर्दा कहाँ र कसरी गर्ने भनी निर्णय गर्ने विषय महत्वपूर्ण पक्ष हो । बसाइसराइ पनि मानिसको जीवनको महत्वपूर्ण घटना भएकाले यस अध्ययनमा बसाइसराइ गर्ने प्रकृयामा कसको सल्लाह, सुझाव र निर्णय रहेको छ भन्ने विषयलाई यहाँ उल्लेख गरिएको छ । बसाइ सराइ गर्नका लागि यस क्षेत्रको बारेमा कसबाट जानकारी लिनुभयो ? यहाँ आफैं, श्रीमान्, श्रीमती, परिवार, आफन्त, साथीभाइ, मध्ये कसको

सल्लाहमा बसाइसराइ गर्ने निर्णय कसले गर्नुभएको को हो ? भनी गरिएको प्रश्नमा धेरै उत्तर दाताहरूले आफैंले बुझेर बसाइ सरेको उल्लेख गरेका छन् । केही उत्तरदाताले परिवार सबैको सल्लाह र केहीले साथीभाइसँग सल्लाह गरेर बसाईसराइ गरेको उल्लेख गरेका छन् । जसलाई निम्न अनुसार तालिकामा तथ्याङ्क सहित उल्लेख गरिएको छ :-

**तालिका नं १०. बसाइसराइ गर्ने प्रकृयामा निर्णयकर्ता**

| क्र.सं | बसाइसराइमा निर्णय कर्ता | उत्तरदाता सँख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आफै | २० | ६६.६६ |
| २ | साथीभाइ | ६ | २० |
| ३ | घरपरिवारको सल्लाहमा | ४ | १३.३३ |
| ४ | जम्मा | ३० | १००.०० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७३*

३०उत्तर दाता मध्ये ६६ प्रतिशतभन्दा बढी उत्तरदाताले आफैंको निर्णयमा बसाइँसराइ गरेको उल्लेख गरेका छन् भने परिवारका सदस्यहरूको सल्लाहमा बसाइ सर्नेहरू २० प्रतिशत रहेका छन् । साथीभाइको सल्लाहमा बसाइ सर्नेहरूको प्रतिशत १३.३३ प्रतिशत मात्र देखिन्छ । त्यसैले बसाइ सर्ने विषयमा मानिसहरू आफैं सम्बन्धित ठाउँमा गएर आफ्नै निर्णयले बसाइ सर्ने गरेको देखिन्छ ।

**क) आफैं**

मेलम्ची नगरपालिकाको माथिल्लो भेगका मानिसहरू आफैं आई बाउनेपाटीमा जग्गा किनेर बसोबास गरेको बताउँछन् । सानैमा पसलबाट किनमेल गरिनुपर्ने सामानहरू तेल, मसला, चिनी, आदि वस्तु किन्न बाउनेपाटीमा आउनु पर्दथ्यो । यहाँ आउँदा जाँदा यहाँको सुबिधा देखेर यहाँ जग्गा किनें र पछि घर बनाएर बस्न थालें भन्ने धारणा यहाँका केही मानिसहरूको रहेको छ । यस्तै धेरै मानिसहरू पहिले देखिनै आवत जावत भइरहेकाले यस ठाउँलाई बसोबासका लागि उचित स्थान मानेको देखिन्छ । परिवारका सदस्य वैदेशिक

रोजगारीमा आबद्ध भएका, नगरपालिकामा नोकरी भएका मानिसहरू, एकात्मक पारिवारिक ढाँचा भएका मानिसहरूले आफ्नै निर्णयमा बसाइसरेको देखिन्छ ।

### ख) साथीभाइ

आफ्ना साथीहरू पहिलेदेखि नै नगरपालिकामा बसोबास गरेकाले उनीहरूकै सल्लाहमा यस ठाउँमा बसाइ सराइ गरको मानिसहरूको धारणा छ । विशेष गरी थाक्लेका तामाङ जातिका मानिसहरू आफ्ना साथीहरूको सल्लाहमा यस ठाउँमा बसाइ सरेका छन् । यसबाहेक बासबारीका मानिस पनि साथीहरूको सल्लाहमा विभिन्न सुविधा भएकाले यस ठाउँमा बसाइ सरेको देखिन्छ । तुलनात्मक रुपमा कमजोर आर्थिक अवस्था भएका मानिसहरू, कृषि पेशामा आबद्ध भएका मानिसहरू साथीको सल्लाहमा बसाइ सरेको देखिन्छ ।

### ग) परिवारको सल्लाहमा

“परिवारका नातेदारहरू पहिले देखि यस ठाउँमा बसोबास गरिरहेका थिए । मेरो दिदी पनि तीन दश वर्ष अघि देखि नगरपालिकामा बसिरहनु भएको थियो । परिवारका सदस्य भएको ठाउँमा बस्दा सहज हुने भएकाले थाक्लेबाट अन्यत्र बसाइ सर्ने कुरा गर्दा परिवारका सबै जनाले दिदी बसेकै ठाउँ यस बाउनेपाटीमा बस्नलाई सल्लाह गर्‍यौं ।” हाल बाउनेपाटीमा नै बसोबास गरिरहेको माइली तामाङले बताइन् । यस ठाउँमा थाक्ले, पिपलचौर, बासबारी, फटकशिला, स्याउले, गिरानचौर जस्ताठाउँबाट बाउनेपाटीमा बसाइसराइ गरेका मानिसहरू परिवारको सल्लाहमा बसाइसराइ गरेका छन् । व्यापार व्यवसायमा आबद्ध भएका, परिवारका सदस्य वैदेशिक रोजगारीमा आबद्ध भएकाहरू  र मासिक आम्दानी ५० हजारसम्म आम्दानी भएका, एक भन्दा बढी आम्दानीको स्रोत भएका र शैक्षिक दृष्टिले साक्षर मानिसहरू परिवारको सल्लाहमा बसाइसराइ गरेको देखिन्छ ।

### वैयत्तिक अध्ययन

यस अन्तर्गत यस क्षेत्रमा बसाइसराइ गरिआर्थिक रुपमा परिवर्तन आएका व्यक्तिको बैयत्तिक जीवनको बारेमा उल्लेख गरिएको छ ।

वि.सं २०२३ सालमा माभि गाउँमा जन्मिएका तिलक माभी ३ छोरी र २ छोरा छन् । कृषिबाट खान नपुग्ने र समय अनुसार छोरा छोरी पढाउन विद्यालय नजिक नभएको र यातायातको असुविधा भएपछि वि.सं २०५२ सालमा बाउनेपाटीमा बसाइसरेको बताउछन् ।

बाउनेपाटीमा चिनेका मानिसहरु भएकोले आफ्नै इच्छाले यस स्थानमा बसाइसरेको बताए । ३ छोरी र २ छोराको भविष्य सुधार्न बाउनेपाटीमा आएका तिलक माभीले कृषिबाट मात्र आर्थिक उन्नति हुने नदेखि भेटेनरी पसल खोले । सुरुमा केहि व्यवसाय नहुँदा ७ जनाको परिवार पालीन धौ धौ भएको बताए ।अहिले पसल र एउटा भैंसि ४ बटा कुखुरा पनि पाल्ने गर्दछन् । पहिले माभी गाउँमा घर बनाएर बसेको र आफ्नो ५/६ रोपनी जग्गामा फलेको मकै ,कोदोले खान नपुग्ने भएपछि बाउनेपाटीमा बसाइसराइ गरेको बताए । बसाइसराइ अघि कृषि पेशामात्र संलग्न माभीको परिवार पाल्न र छोराछोरी पढाउन निकै गारो थियो । तर बसाइसराइ गरेर आएपछि महिनामा ३०,००० सम्म आम्दानी हुने बताउछन् ।

बाउनेपाटीमा बसाइसरी आएपछि स्वास्थ्य यातायात , संचार,बिजुली आदिको सुविधा भएकोले बस्न सहज भएको बताए । भैंसिको दुध बेचेर घर खर्च पुर्‍याउने र पसलबाट आएको नगदले छोरा छोरी पढाउने र बाँकि पैसा बचत गर्ने गरेको तिलक माभी बताउँछन् ।

यस अध्ययन क्षेत्रमा बस्दै आएका ५० वर्षिय चन्द्रबहादुर तामाङ वि.सं २०६३ सालमा आफू जन्मेको ठाउँ छोडी यस स्थानमा बसाइसरेको बताए ।

स्वास्थ्यचौकी , विद्यालय तथा दैनिक उपभोग्य बस्तुको समेत असुविधा भएपछि आफूले चिनेजानेको ठाउँ भएकोले यसस्थानमा बसाइसरेको बताए ।थाक्लेमा स्वास्थ्यचौकी नभएको र उहाँको जेठि छोरी विरामी पर्दा ३ घण्टाको पैदलबाटो विरामी बोकेर यस बाउनेपाटीमा आउनुपरेकोले पनि बसाइसर्न बाध्य भएको बताए । दुई छोरीको साथमा बसाइसरेका चन्द्रबहादुर अहिले फर्निचर पसल सन्चालन गरिरहेका छन् । थाक्लेमा पाँच रोपनि जग्गा भएको । त्यहाँ उब्जिएको मकैले चारजनाको परिवारलाई बर्ष भरि खान पुग्दैन थियो र

यातायातको पनि असुविधा भएको कारणले आफूले चिनेजानेको ठाउँ बाउनेपाटीमा बसाइसराइ गरेर आएको बताए ।

उनि बाउनेपाटीमा बसाइसराइ गरि आएपछि  फर्निचर पसल खोली मासिक ४०००० आम्दानी हुने गरेको बताए । अहिले जेठि छोरी मेलम्ची खानेपानी अफिसमा काम गर्ने र कान्छी छोरी बैदेशिक रोजगारीमा गएको बताए । सुरुका दिनमा ४ जनाको परिवार पालीन गारो भएपनि हाल २ छोरीको पनि कमाइ राम्रो भएको र फर्निचर पसलबाट पनि राम्रो आम्दानी  भएको चन्द्रबहादुरले बताए ।

माथिको बैयत्तिक अध्ययनबाट पनि के बुझिन्छ भने आर्थिक रुपमा विपन्न मानिसहरु पनि बसाइसराइ पछि सम्पन्न भएको देखिन्छ

# अध्याय पाँच

# बसाइसराइले आर्थिक क्षेत्रमा परेको प्रभाव

बसाइसराइ समाजमा भइरहने एक सामाजिक प्रकृया हो । बसाइसराइ र आर्थिक अवस्थाबीच प्रत्यक्ष अन्तरसम्बन्ध रहेको हुन्छ । बसाइसराइमा संम्लग्न व्यक्ति तथा परिवारमा आर्थिक अवस्थामा परेको प्रभाव बारे थाहा पाउन उनीहरूको पेशा, रोजगारी, आम्दानीको अवस्थालाई हेर्नु पर्ने हुन्छ । त्यसैले बसाइसराइमा संम्लग्न व्यक्ति तथा परिवारका आर्थिक पक्षमा के कस्ता परिवर्तनहरू आएका छन् भनेर आर्थिक पक्षलाई खोज तथा विश्लेषण गर्ने प्रयास गरिएको छ । उनीहरूको आर्थिक क्षेत्रमा देखा परेको प्रभावको बारेमा विस्तृतमा चर्चा गरिएको छ :-

## ५.१ मुख्य आम्दानीको स्रोत

आम्दानी जीवनयापनको महत्वपूर्ण इन्धन हो । आम्दानी विशेषतः कुनै पनि व्यक्ति वा परिवारले गरेको पेसाको आधारमा संकलित नगद वा जिन्सीलाई बुझ्न सकिन्छ । यो प्रत्यक्ष रुपले रोजगारसँग सम्बन्धित हुन्छ । आम्दानी अनुसार मानिसको जीवन स्तर निर्माण हुन्छ । त्यस्तै आम्दानी बसाइसराइ प्रकृयासँग सम्बन्धित देखिन्छ । किनभने कुनै पनि परिवारको आम्दानीले उनीहरूको जीविका चल्न नसकेपछि नयाँ रोजगारीको खोजीमा मानिसहरू बसाइ सर्ने गर्दछन् ।

### ५.१.१ उत्तरदाताको पूर्व आम्दानीको स्रोत

पूर्व आम्दानीको स्रोत भन्नाले कुनै पनि व्यक्तिले आफ्नो जीवनयापनका लागि अपनाएको अहिले भन्दा पहिलाको कार्य भन्ने बुझिन्छ । जुन व्यक्ति स्वंय र उसको पारिवारिक जीविकासँग सम्बन्धित हुन्छ । आम्दानीको अवस्थाले मानिसको सामाजिक स्तर समेतलाई निर्धारण गर्दछ । मानिसले परिवारमा बसोबास गरेपछि केही न केही काम गरेको हुन्छ । गाउँका बसोबास गर्दा एकखालको पेशा अपनाएका हुन्छन् भने सहरमा बसोबास गरेपछि अर्को खालको पेशा अपनाएका हुन्छन् । यहाँ मानिसहरू सहरमा बसाइ सर्नु अघि के कस्ता पेशामा आबद्ध जीविका चलाएका थिए भन्ने तलको तालिकामा उल्लेख गरिएको छ :

**तालिका नं ११ उत्तरदाताको बसाइसराइ पूर्व आम्दानीको स्रोत**

| क.स | आम्दानीको स्रोत | सङ्ख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | खेतीपाती | २० | ६६.६६ |
| २ | नोकरी | ५ | १६.६६ |
| ३ | व्यापार /व्यवसाय | ५ | १६.६६ |
| ४ | जम्मा | ३० | १००.०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७३*

तालिका नं ११ मा बसाइसराइ गर्नु पहिले धेरै मानिसहरूको आम्दानीको स्रोत कृषि रहेको देखिन्छ । केही मानिसले धान उत्पादन गरेको देखिन्छ । कोदो उत्पादनमा सबैभन्दा बढी मानिसहरूको सहभागिता रहेको देखिन्छ । फलफूलमा केरा, अम्बा आदिको उत्पादन हुने गरेको देखिन्छ । मानिसहरूको आलु उत्पादनमा पनि उल्लेख्य सहभागिता रहेको देखिन्छ । यहाँका मानिसहरूले कुखुरा पनि पालेका छन् । विशेषगरी थाक्ले , बासबारीका मानिसहरूको आम्दानीको स्रोत कृषि रहेको देखियो । कृषिबाट मात्र जीविकोपार्जन गर्ने मानिसहरूको आर्थिक अवस्था सामान्य रहेको छ । फलाएको अन्नले वर्ष भरी खान नपुग्ने मानिसहरूको सङ्ख्या उल्लेख्य देखिन्छ । परिवारका सदस्यहरूको शैक्षिक अवस्था प्राथमिक तहसम्मको रहेको देखिन्छ । व्यापार व्यवसाय गर्ने मानिसहरू भने सडक छेउमा घर भएका र साना बजार नजिक घर भएका पाइयो । व्यापारबाट आम्दानी गर्ने मानिसहरूको जीवनस्तर राम्रो देखिन्छ । जग्गा जमिन १० रोपनी भन्दा बढी रहेको छ । नोकरीबाट जीविका चलाउने परिवारका सदस्यहरू शिक्षित रहेको देखिन्छ । नगरपालिका कार्यालय, मेलम्ची खानेपानी कार्यालयमा काम गर्ने मानिसहरूको आम्दानीले परिवारका सदस्यहरूको आवस्यकता पूरा गर्न सकेको देखिन्छ ।

### ५.१.१ बसाइसराइपछि उत्तरदाताको मुख्य आम्दानीको स्रोत

बसाइसराइपछि मानिसहरूको पेशा, आम्दानीको अवस्थामा प्रभाव परेको हुन्छ । मानिसहरूले पेशा व्यवसायको प्रकृतिका आधारमा कसैको बसाइसराइ पछि आय अवस्था

राम्रो भएको हुन्छ भने कसैको सामान्य रहन्छ । यहाँ मानिसहरूले बसाइसरइ पछि जीविकोपार्जनका लागि के कस्ता काम गरेको छन् भन्ने देखाइएको छ । यहाँ पनि बसाइसराइ गरेपछि मानिसहरूको परिवारको मुख्य आम्दानीको स्रोतको बारेमा तालिका नं. १० मा उल्लेख गरिएको छ :-

**तालिका नं. १२ बसाइसराइपछि उत्तरदाताको मुख्य आम्दानीको स्रोत**

| क.सं | आम्दानीको स्रोत | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | व्यापार | २० | ६६.६६ |
| २ | कृषि | ४ | १३.३३ |
| ३ | पशुपालन | २ | ६.६६ |
| ४ | नोकरी | ४ | १३.३३ |
| ५ | जम्मा | ३० | १००.०० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७३*

तालिका नं १२ मा सबैभन्दा बढी मानिसहरूको व्यापार / व्यवसाय मुख्य आम्दानीको स्रोत रहेको देखिन्छ । सरकारी जागिर खाने मानिसहरूको सङ्ख्या पनि धेरै देखिन्छ । बसाइसराइ गरेर आएका मानिसहरूले परम्परागत प्रकारको कृषिबाट गरिने आम्दानीका प्रकृया भन्दा नगद पैसा प्राप्त हुने खालका काम धेरै मानिसले गर्न थालेको देखिन्छ । केही मानिसहरूले पेन्सनबाट जीविकोपार्जन गरिरहेका छन् भने केही परिवारको भने वैदेशिक रोजगारीबाट प्राप्त आम्दानीबाट । जीविकोपार्जनका लागि यस नगरपालिकाका मानिसहरू लघु उद्योग जस्तै काष्ठ उद्योग र कुखुरा फार्मबाट पनि आम्दानी बढाइरहेको देखिन्छ । कृषिसँगै पशुपालन पनि गर्न थालेको देखिन्छ । बाख्रापालन गर्ने मानिसहरूले भने थोरैको सङ्ख्यामा बाखा पालेको देखिन्छ । यहाँका मानिसले खरायो पनि पालेको देखिन्छ । गाई भैंसी पाल्ने मानिसहरूको सङ्ख्या भने न्यून देखिन्छ । यहाँ उत्तरदाताको मुख्य आम्दानीको स्रोत मात्र उल्लेख गरिएको छ ।

## ५.२ आम्दानीको अवस्था

मानिसहरूले आफ्नो जन्मथलोबाट बसाइसरेर आइसकेपछि जीविकोपार्जनका क्रममा विभिन्न पेशा अपनाएका छन् र परिवारका सदस्यहरूको मध्ये कोही वैदेशिक रोजगारीमा गएका कारण उनीहरूको मासिक आम्दानीमा बृद्धि भएको देखिन्छ भने कोही व्यापार गर्ने, कोही सरकारी पेशामा आबद्ध भएको पाइन्छ । यहाँका मानिसहरूबसाइसराइ पछिको मासिक अवस्थालाई तालिका नं. ११ मा देखाइएको छ ।

**तालिका नं. १३ उत्तरदाताको बसाइसराइ पछिको मासिक आम्दानीको अवस्था**

| क्र.सं | पुर्वमासिक आम्दानी | सङ्ख्या | प्रतिशत | उत्तर मसिक आम्दानी | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ५००० भन्दा कम | १६ | ५३.३३ | ५००० भन्दा कम | ३ | १० |
| २ | ५,०००-९,९९९ | ६ | २० | ५,०००-९,९९९ | ४ | १३.३३ |
| ३ | १०,०००-१४,९९९ | २ | ६.६६ | १०,०००-१४,९९९ | ५ | १६.६६ |
| ४ | १५,०००-१९,९९९ | ४ | १३.३३ | १५,०००-१९,९९९ | १० | ३३.३३ |
| ५ | २०००० भन्दा माथि | २ | ६.६६ | २०००० भन्दा माथि | ८ | २६.६६ |
| | जम्मा | ३० | १००.०० | जम्मा | ३० | १००.०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७३*

तालिका नं १३ मा बसाइसराइ पूर्व मासिक आम्दानी भन्नाले बसाइसराइ भन्दा पहिलेको आम्दानीको अवस्था र उत्तर मासिक अवस्था भन्नाले बसाइसराइ पछिका मासिक आम्दानीको अवस्था भन्ने जनाउँछ । पूर्व मासिक आम्दानीमा ५ हजार भन्दा कम कमाउने मानिसहरूको सङ्ख्या सबैभन्दा कम रहेको देखिन्छ तर बसाइसराइ पछि भने १५ हजार भन्दा बढी कमाउने मानिसको सङ्ख्या  बढी रहेको छ भने ५ हजार भन्दा कम कमाउने मानिसहरूको प्रतिशत सबैभन्दा कम रहेको देखिन्छ । यसरी हेर्दा मेलम्ची नगरपालिकामा बसाइ सरेपछि मानिसहरूको मासिक आम्दानीमा बृद्धि भएको देखिन्छ । यस क्षेत्रका मानिसहरूले मुख्य पेशा व्यापार  व्यवसायका अतिरिक्त विभिन्न खाद्यान्न बालीहरू पनि लगाउने गरिएको देखिन्छ । नेपालको तथ्याङ्क हेर्दा ५० प्रतिशत भन्दा बढी उत्पादन हुने

बाली धान हो भने मकै र गहुँ क्रमश कम उत्पादन हुने बाली हुन् । यस अध्ययन क्षेत्रमा पनि सबैभन्दा बढी मानिसहरू धान उत्पादनमा संलग्नता रहेको देखिन्छ ।

### ५.३ आम्दानी र खर्चको अवस्था

बसाइसराइमा संम्लग्न व्यक्ति तथा परिवारहरूको आर्थिक विवरण विश्लेषण गर्दा उनीहरूको आम्दानी तथा खर्चको विवरण पनि उत्तिकै महत्वपूर्ण हुन्छ । बसाइसराइ पूर्वको स्थानमा धेरै मानिसहरूको कृषि मात्र आम्दानीको आधार रहेको देखिन्छ । जसले मानिसहरूको जीविकोपार्जनमा समस्या रहेको देखिन्छ । कोदो धेरै फल्ने र धान र गहुँ कम फल्ने भएकाले मानिसहरूको वार्षिक उत्पादनले खान धौ धौ परेको देखिन्छ । नगदे वाली लगाउने नगरेको र खाधान्न बाली बेच्न लामो बाटो हिँड्नु पर्ने भएकाले उत्पादित अन्न आफैँले खाएर सिध्याउनु पर्ने अवस्था रहेको मानिसहरूको भनाइ छ । राम्रो उब्जनी योग्य जग्गा नभएकाले यस नगरपालिकामा बसाइसरेका मानिसहरुको धारणा छ । केही मानिसहरूको रोजगारी भएपनि नगद प्राप्त हुने वा आधुनिक समयमा परिवारको आवस्यकता पूरा गर्न सकिने र धेरै आम्दानी हुने अवस्था नभएकाले मानिसहरू यहाँ बसाइ सरेर आएका देखिन्छन् । बसाइसराइ पछि मानिसहरूको आर्थिक अवस्थामा प्रभाव परेको हुन्छ । उत्तरदाताका बसाइसराइ अघि र पछिको आम्दानी तथा खर्चको अवस्थालाई निम्नानुसार उल्लेख गरिएको छ :

**तालिका नं १४ बसाइसराइ गरेर आएका मानिसहरूको आम्दानीको अवस्था**

| क.सं | विवरण | बसाइसराइ अघि | | बसाइसराइ पछि | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १ | खान नपुग्ने | १२ | ४० | २ | ६.६६ |
| २ | खान मात्र पुग्ने | १० | ३३.३३ | ७ | २३.३३ |
| ३ | आम्दानी र खर्च बराबर हुने | ४ | १३.३३ | १५ | ५० |
| ४ | बचत हुने | ४ | १३.३३ | ६ | २० |
| जम्मा | | ३० | १००.०० | ३० | १००.०० |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७३*

यहाँ बसाइसराइ अघि उत्पादित खाद्यान्नले वर्षभरी खान नपुग्ने मानिसहरूको सङ्ख्या धेरै रहेको देखिन्छ । उनीहरूको आय आम्दानीको स्रोत कृषि रहेको छ । बसाइसराइ गरेर आएका मनिसहरूलाई पहिले तपाईंको आम्दानीले खान पुग्थ्यो कि पुग्दैनथ्यो भनी प्रश्न गरिएकोमा धेरै मानिसहरूले खान नपुग्ने बताएका छन् । १० प्रतिशत मानिसहरूले आम्दानीको हिस्साले खान पुग्ने तर अन्य काम परेको बेला खर्च गर्न नपुग्ने अवस्था रहेको बताएका छन् । थोरै प्रतिशत वा सबै भन्दा कम मानिसहरूले केही आम्दानी बचत गर्ने गरेको बताए । सानो पसल र नोकरी गरेका मानिसहरूले आम्दानी बचत गर्न सकेका हुन् । यसरी हेर्दा बसाइसराइ पछि मानिसहरूको आम्दानीमा परिवर्तन आएको देखिन्छ । बसाइसराइ पछि यहाँका मानिसको आयआर्जनमा विविधता भएको देखिन्छ । पहिले कृषि मात्र पेशाका रुपमा अपनाएका मानिसहरू शहरी क्षेत्रमा आएपछि व्यापारमा सम्लग्न भएको देखिन्छ भने उनीहरूले कृषि कार्यलाई पनि सँगसँगै लगेका छन् । कृषि कार्य पनि आधुनिक प्रविधि, बिउ बिजनको प्रयोग गरी आय बढाउने वा व्यापार गर्ने प्रयोजनका लागि गरेको देखिन्छ । व्यवसायिक कुखुरापालन, बाख्रापालन पनि गरेको देखिन्छ । परिवारका प्रायः सबै सदस्यहरूले कुनै न कुनै पेशा अपनाएका छन् ।

## ५.४ जग्गा जमिनको अवस्था

नेपालमा ८१ प्रतिशत मानिसहरू अझै पनि कृषिमा आधारित छन् । नेपालको हिमाली र पहाडी क्षेत्रमा अन्न राम्रो उत्पादन हुँदैन र मानिसहरू राम्रो उत्पादन हुने क्षेत्रमा बसाइ सर्ने गर्दछन् । परिवारको आम्दानी वा आर्थिक अवस्थाले उनीहरूको जीवनस्तरलाई जनाउने गर्दछ । यस क्षेत्रमा बसोबास गर्ने मानिसहरूको जग्गा जमिनको अवस्थालाई निम्नानुसार उल्लेख गरिएको छ :-

**तालिका नं. १५ उत्तरदाताको जग्गा जमिनको अवस्था**

| क.सं | जग्गा / जमिन | बसाइ सर्नु पूर्व | | बसाइ सरेपछि | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत % | सङ्ख्या | प्रतिशत % |
| १ | १ रोपनी भन्दा कम | १४ | ४६.५५ | १६ | ५३.३३ |
| २ | ५ रोपनी | १० | ३३.३३ | १० | ३३.३३ |
| ३ | १० रोपनी भन्दा कम | ६ | २० | ४ | १३.३३ |
| जम्मा | | ३० | १००.०० | ३० | १००.०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०७३*

बसाइ सर्नु अघि नगरपालिकामा थोरै मानिसहरूको जग्गा रहेको देखिन्छ । यहाँ बसाइसराइ पछि पनि १३ प्रतिशत मानिसहरूको गाउँमा जग्गा रहेको देखिन्छ । नगरपालिकामा बसाइ सरेपछि आनामा जग्गाको हिसाब गरिने भएकाले १ रोपनी भन्दा कम विवरणमा नगरपालिकाको जग्गालाई उल्लेख गरिएको छ । मात्रामा कम भए पनि मूल्यका दृष्टिले महङ्गो जग्गा भएको देखिन्छ । ४ आना देखि ६ आना सम्म जग्गा हुने मानिसहरुको सङ्ख्या धेरै देखिन्छ । ६ आना भन्दा बढी हुने मानिसहरुको प्रतिशत कम देखिन्छ । बसाइ सर्नु अघि नगरपालिकामा जग्गा हुने मानिसहरुको सङ्ख्या कम देखिन्छ । बसाइ सराइ पछि नगरपालिकामा १०० प्रतिशत मानिसहरुको जग्गा रहेको देखिन्छ ।

## ५.५ भौतिक सुविधा

भौतिक सुविधा भन्नाले मानिसका आधारभूत आवस्यकता पूरा गर्नका लागि आवस्यक आधुनिक सुविधालाई बुझिन्छ, जस्तै टि.भी, यल.पी ग्याँस, मोटरसाइकल, मोबाइल, फ्रिज र रेडियो आदि । यी साधनहरूले मानिसको सामाजिक-आर्थिक अवस्थालाई बताउने भएकाले यसलाई पनि महत्वपूर्ण पक्षका रुपमा लिइएको छ । यस क्षेत्रका मानिसलाई "तपाईको घरमा के के सुबिधा छन् ?" भनी प्रश्न गरिएको थियो । यहाँका मानिसहरूको घरमा भएका सुविधालाई निम्नानुसार उल्लेख गरिएको छ :-

**तालिका नं. १६ उत्तरदाताको भौतिक सुविधाको अवस्था**

| क्र.स | भौतिक सुविधा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रेडियो | ३० | १००.०० |
| २ | टि.भी | ३० | १००.०० |
| ३ | फ्रिज | १३ | ४३.३३ |
| ४ | साइकल | ५ | १६.६६ |
| ५ | एल.पि ग्यास | ३० | १०० |
| ६ | फोन | १० | ३३.३३ |
| ७ | मोबाइल | ३० | १०० |
| ८ | ल्यापटप | २ | ६.६६ |
| ९ | मोटरसाइकल | ४ | १३.३३ |
| १० | स्कुटर | १ | ३.३३ |

*स्रोत: स्थलगत सर्वेक्षण, २०७३*

नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार रेडियो, टेलिभिजन, केवल, टेलिभिजन, कम्प्युटर, इन्टरनेट, टेलिफोन, मोवाइल फोन, मोटर, मोटरसाइकल, साइकल र अन्य सवारी साधन र रेफ्रिजेरेटर भएका परिवारको सङ्ख्या मध्ये कम्तीमा एक किसिमको सुविधा उपलब्ध भएका परिवार कुल परिवारको ८४.५६ प्रतिशत रहेको छ । मोबाइल प्रयोग गर्ने १०० प्रतिशत रहेको छ । यल.पी ग्यास प्रयोग गर्ने मानिसको सङ्ख्या १००.०० प्रतिशत रहेको छ । यस अध्ययन क्षेत्रमा भने सबै मानिसको घरमा यल.पी ग्याँस र टि.भी पाइयो । राष्ट्रिय तथ्याङ्कमा भन्दा फरक अवस्था यस अध्ययन क्षेत्रमा देखिन्छ । रेडियो र मोबाइल प्रयोग गर्ने १०० प्रतिशत देखिन्छ । ल्यापटप र कम्प्युटर प्रयोग गर्ने मानिसहरूको प्रतिशत कम देखिन्छ । व्यापारव्यवसाय तथा कृषिमा आबद्ध सबै किसिमका मानिसहरूले मोबाइल र ग्याँस प्रयोग गरेको देखिन्छ । मानिसहरूको घरमा ल्यापटप प्रयोग गर्ने परिवारका सदस्य वैदेशिक रोजगारीमा भएका तथा नोकरी भएका मानिसहरू रहेका छन् । स्कुटर प्रयोग गर्ने ३.३३ प्रतिशत मानिसहरू रहेको देखिन्छ । परिवारका सदस्य नोकरीमा सम्लग्न भएका तथा व्यापार गर्ने मानिसहरूको  घरमा मोटरसाइकल भएको देखिन्छ ।

# अध्याय छ

# सारांश तथा निष्कर्ष

## ६.१ सारांश

बसाइसराइ भनेको मानिस एक ठाउँबाट अर्को ठाउँमा जाने प्रकृया हो । एक देशभित्र मात्र नभइ अर्को देशमा पनि बसाइसराइ हुने गर्दछ । बसाइसराइको प्रकृयामा आकर्षक र विकर्षक तत्वहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । बसाइसराइ गाउँबाट सहरमा, पहाडबाट तराईमा, अविकसित क्षेत्रबाट विकसित क्षेत्रमा, दुर्गमबाट सुगममा हुने गर्दछ । मौसमी रूपमा, स्थायी रूपमा, अर्धस्थायी रूपमा, अस्थायी रूपमा मानिसले बसाइसराइ गर्दछन् । नेपालमा ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा बसाइसराइ गर्नेहरूको सङ्ख्या बढ्दो भएकाले मानिसहरू किन बसाइ सरिरहेका छन् भन्ने तथ्यलाई खोज्ने प्रयास गरिएको छ । यस अध्ययनमा मुख्य गरी निम्न समस्यालाई पहिल्याउने प्रयत्न गरिएको छ । किन मानिसहरू आफू बसेको ठाउँ छोड्छन् ? आफू बसेको स्थान स्थायी वा अस्थाइ कुन रुपमा छोड्छन् ?मानिसहरू यस क्षेत्रमा बसाइ सर्नुका कारण के हो ? बसाइसराइले व्यक्तिको सामाजिक र आर्थिक जीवनमा के कस्तो प्रभाव पारेको छ ?

यस अध्ययनमा गाउँबाट शहरमा हुने आन्तरिक बसाइसराइको अवस्था के कस्तो छ र यसका कारण र असर बारेमा खोजी गर्ने र बसाइसराइ गरेर आएका मानिसहरूको सामाजिक पृष्ठभूमि (उमेर, लिङ्ग, जात, भाषा, धर्म, शिक्षा) हेर्ने उद्देश्य राखिएको छ । यस अध्ययनका उद्देश्य निम्नानुसार रहेका छन् । मानिसहरू यस क्षेत्रमा बसाइ सर्नुका कारणको र बसाइसराइले आर्थिक र साममाजिक जीवनमा पारेको प्रभावको खोजी गर्ने ।

यस अध्ययन गुणात्मक तथा परिमाणात्मक तथ्याङ्कमा आधारित छ । यस अध्ययनमा यसको उद्देश्यमा आधारित रही अन्वेषणात्मक तथा व्याख्यात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । अनुसन्धानमा बहुस्तरीय नमुना छनौट विधिको प्रयोग गरिएको छ । मेलम्ची नगरपालिकाको वडा नं ८ को बाउनेपाटीलाई अध्ययन क्षेत्रका रुपमा लिइएको छ । यस क्षेत्रको ६५ घर धुरी मध्ये ३० घर धुरीलाई उद्देश्यमूलक रुपमा छनौट गरिएको छ । यस अध्ययनमा अर्न्तवार्ता, अवलोकन विधिद्वारा प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ ।

बसाइसराइको कारण र प्रभावको अध्ययन गर्नका लागि र सामाजिक पृष्ठभूमि (उमेर, लिङ्ग, जात, भाषा, धर्म, शिक्षा) हेर्नका लागि सहभागी अन्तर्वार्ता विधिको प्रयोग गरिएको छ । आर्थिक सामाजिक अवस्था पत्ता लगाउनका लागि अन्तर्वार्ताको प्रयोग गरिएको छ । यस अध्ययनको सारांश वा निष्कर्षका रुपमा तल उल्लेख गरिएको छ ।

यस स्थानमा १४ वर्ष अघि देखि नै मानिसहरु बसोबास गरिआएकाले स्थायी खालको बसाइसराइ भएको देखिन्छ । मानिस बसिरहेको स्थानमा आधारभूत आवश्यकता पूरा गर्न कठिनाई, आवश्यक सुविधाको अभाव, शिक्षा, स्वास्थ्य, सन्चार आदिको अभावका कारण बसाइसराइ गर्ने गर्दछन् , जसलाई विकर्षक तत्वहरू मानिन्छ । आकर्षक तत्वहरूमा रोजगारी, शिक्षा, स्वास्थ्य, सन्चार, यातायात सुविधा आदि पर्दछन् ।

मेलम्ची नगरपालिकामा बसाइसराइको उत्तरदाताको लिङ्गको अवस्था हेर्दा ४६.६६ प्रतिशत महिला सहभागी छन् भने पुरुष ५३.३३ प्रतिशत रहेका छन् । ३० देखि ४० बर्ष उमेर समुहका मानिसहरु बढि बसाइसराइ प्रकृयामा सँलग्न भएको देखिन्छ । सरकारी नोकरीमा पुरुष र महिलाको सहभागिता रहेको छ । कृषिमा १० प्रतिशत मानिसहरुको सहभागीता रहेको छ भने व्यापारमा ३३.३३ प्रतिशत मानिसहरुको सहभागिता रहेको छ । बसाइसराइपछि मानिसहरु व्यापारमा बढि सहभागी भएको देखिन्छ । मेलम्ची नगरपालिका बाउनेपाटीको जातीय अवस्था हेर्दा ब्राह्मण ३३.३३ प्रतिशत, क्षेत्री ६.६६ प्रतिशत, तामाङ १३.३३ प्रतिशत, नेवार १९.३५ प्रतिशत र माझी २० प्रतिशत रहेको देखिन्छन् । धर्मको अवस्थालाई हेर्दा हिन्दु धर्म मान्ने ६६.६६प्रतिशत र बौद्ध धर्म मान्ने १३.३३ प्रतिशत रहेको छ । मातृभाषाको अवस्था हेर्दा नेपाली भाषा बोल्ने ७० प्रतिशत रहेका छन् भने तामाङ भाषा मात्र बोल्ने मानिस देखिदैन तर तामाङ र नेपाली भाषा बोल्ने मानिस १६.६६ प्रतिशत रहेको छ । नेवारी भाषा मात्र बोल्ने मानिसहरु देखिँदैन भने नेवारी र नेपाली भाषा बोल्ने १३.३३ प्रतिशत रहेका छन् । जो मानिसहरु घरभित्र आफ्नो परिवारसँग मात्र बोल्ने गर्दछन् भने समाजमा अन्य व्यक्तिसँग नेपाली भाषामानै कुराकानी गर्ने गर्दछन् । शिक्षाको अवस्था हेर्दा सबैभन्दा बढी माध्यमिक तह पास गर्ने ६० प्रतिशत मानिसहरु रहेका छन् । आधारभुत तह पास गर्ने ३० प्रतिशत, स्नातक १३.३३ प्रतिशत, माध्यमिक तह २२.३३ प्रतिशत र स्नातक तह ४.४४ प्रतिशत सङ्ख्या रहेका छन् । स्नातक तह पूरा गरेका मानिसहरू ६.६६ प्रतिशत र स्नातकोत्तर पास गर्ने ३.३३ प्रतिशत रहेका छन् । माध्यमिक

तह पास गर्ने मानिसहरु व्यापार व्यवसायमा सम्लग्न भएको देखिन्छ । स्नातक पास गरेका मानिसहरु मेलम्ची खानेपानी कार्यालय , नगरपालीका कार्यालय , जालपा उच्च मा विमा नोकरी गरेको देखिन्छ । स्नातकोत्तर पास गर्ने मानिसहरु एन्.जी.ओ र आइ.एन् जी ओमा काम गर्ने गर्दछन् । सबै मेलम्ची नगरपालिकामा मानिसहरू बसाइ सर्नुका कारणहरू हेर्दा विकर्षक तत्वहरूमा शहरी सुविधाको अभाव ८३.३३ प्रतिशत, उच्च शिक्षाको अभाव ३३.३३ प्रतिशत, यातायातको असुविधा ३३.३३ प्रतिशत, सन्चारको असुविधा ४० प्रतिशत, रोजगारीको अभाव ५० प्रतिशत, गरिबी १६.६६ प्रतिशत, भौगोलिक विकटता ७६.६६ प्रतिशत, भुकम्पको कारण १० प्रतिशत र सशस्त्र द्वन्द्व ६.६६ प्रतिशत रहेका छन् । सबैभन्दा कम मानिसले सशस्त्र द्वन्द्वलाई बसाइसराइको कारण मानेका छन् । यस्ता तत्वहरूले मानिसहरूलाई एक ठाउँबाट अर्को ठाउँमा बसाइ सर्न प्रेरित गरेको छ । बसाइसराइको कारणका आकर्षक तत्त्वहरूमा शहरी सुविधा ८० प्रतिशत, खेतीयोग्य जमिन १० प्रतिशत, व्यापारी क्षेत्रको सुविधा ७३.३३ प्रतिशत, यातायातको सुविधा ३३.३३ प्रतिशत, भौगोलिक सुगमता ७० र स्वास्थ्यको सुविधा ६३.३३ प्रतिशत उत्तरदाता रहेका छन् । यी तत्त्वहरूले मानिसहरूलाई अन्य ठाउँबाट बसाइ सरी आउन प्ररित गर्ने गर्दछ ।यस क्षेत्रका ३० घरपरिवार मध्ये ६६.६६ प्रतिशत मानिसहरू आफ्नै निर्णयले बसाइ सरेका छन् भने १३.३३ प्रतिशतले परिवारका सदस्यहरूको सल्लाहमा बसाइ सरेका छन् । २० प्रतिशत मानिसहरू साथीभाइको सल्लाहमा बसाइ सरेका छन् ।

अध्याय ५ मा मेलम्ची नरपालिकामा बसाइसराइ गरेर आएका मानिसहरूको आर्थिक र सामाजिक क्षेत्रमा परेको प्रभावको चर्चा गरिएको छ । यहाँका मानिसको आर्थिक क्षेत्रमा सकारात्मक प्रभाव परेको देखिन्छ । बसाइसराइ अघि ५००० सम्म आम्दानी भएका मानिसहरूको सङ्ख्या ५३.३३ प्रतिशत रहेको छ भने बसाइसराइ पछि १० प्रतिशत रहेको छ । कृषि नै मुख्य आम्दानीको स्रोत भएको उनीहरूको बसाइसराइ पछि व्यापार व्यवसाय गरेकोले आम्दानी बढेको हो । बसाइसराइ अघि २० हजार भन्दा बढी कमाउने मानिसहरूको सङ्ख्या ६.६६ प्रतिशत र बसाइसराइ पछि २० हजार भन्दा बढी कमाउने मानिसहरूको सङ्ख्या ३३.३३ प्रतिशत रहेको छ ।

बसाइ सर्नु अघि आम्दानीको मुख्य स्रोत खेतीपाती भएका मानिसहरू ६६.६६ प्रतिशत रहेको छ भने बसाइसराइ पछि कृषि मुख्य आम्दानीको स्रोत भएका मानिसको सङ्ख्या १३.३३

प्रतिशत रहेको छ । बसाइसराइ पछि मेलम्ची नगरपालिकामा बसोबास गरिरहेका मानिसहरूको शिक्षा, स्वास्थ्य, रोजगारी, उपभोग्य सामान आदिमा पनि पहुँच बढेको छ । बसाइसराइ पछि पनि उनीहरूमा कृषि प्रतिको आकर्षण घटेको छैन । गाउँको जग्गा बेचबिखन नगरेकाले उनीहरूले त्यस जग्गामा अन्न उब्जाइरहेका छन् । यस नगरपालिकामा विद्यालय, हस्पिटल, मेलम्ची खानेपानी आयोजना कार्यालय, हाइडोपावर र विभिन्न सहकारी संस्थाहरू, आइ.एन्.जी. ओ र एन्.जी.ओ.लगायतका संस्थाहरु छन् । जसले गर्दा यस क्षेत्रका मानिसहरु ती संस्थामा काम गर्ने अवसर पाएकाले आयआर्जनमा वृद्धि भएको देखिन्छ । व्यापार व्यवसायका लागि उचित अवसर रहेकाले यहाँका मानिहरूलाई रोजगारीका छनौटको अवसर प्राप्त भएको छ ।

## ६.२ निष्कर्ष

नेपालमा दिनानुदिन बसाइसराइ प्रकृया बढिरहेको छ । व्यक्ति पिच्छे फरक फरक सामाजिक पृष्ठभूमि हुने गर्दछ । घरपरिवारको आवस्यकता पूरा गर्न नसकी मानिसहरू उचित क्षेत्रमा बसाइ सर्दछन् । यस अध्ययनबाट मेलम्ची नगरपालिकामा बसाइ सर्न आकर्षक र विकर्षक तत्वहरूले प्रभाव पारेको छ । शास्त्रीय सिद्धान्तका प्रतिपादक Lee ले 'आकर्षक र विकर्षक मोडल' मा "आन्तरिक बसाईसराइका विकर्षक तत्वहरू पर्याप्त जागिर नहुनु, थोरै सुविधा, प्रारम्भिक खालको अवस्था, सम्पत्तिको अभाव, युद्ध, गरिब घरपरिवार, राजनीतिक डर, श्रम शक्तिको प्रयोग गर्ने ठाउँ नहुनु आदि । आकर्षक तत्वहरूमा जागिरको सुविधा, उत्तम बसोबासको अवस्था, सुरक्षा, राजनीतिक र धार्मिक स्वतन्त्रता, मनोरन्जनयुक्त, उत्तम स्वास्थ्य सुविधा, औद्योगिक सुविधा आदि उल्लेख गरेका छन् । यी आकर्षक तत्वहरूले समाजमा स्तरीकरण र विविधता ल्याउने विषयलाई उपेक्षा गर्दछ ।" को उल्लेख गरेका छन् । यहाँ शहरी सुविधा, खेतीयोग्य जमिन, व्यापारी क्षेत्रको सुविधा, यातायातको सुविधा, भौगोलिक सुविधा र स्वास्थ्यको सुविधा आदि बसाइसराइका आकर्षक तत्वहरू छन् भने विकर्षक तत्वहरूमा शहरी सुविधाको अभाव, उच्च शिक्षाको अभाव, यातायातको असुबिधा, सन्चारको असुविधा, रोजगारीको अभाव, स्वास्थ्यको असुविधा, प्राकृतिक प्रकोप र सशस्त्र द्वन्द्व आदि रहेका छन् । बसाइसराइको नकारात्मक प्रभाव जमिनको मुल्य बृद्धि , मानिसको भिडभाड , बातावरण प्रदुषण पाइयो । यहाँका मानिसहरूले यस्ता समस्या समाधानका लागि

नगरपालिकाले फोहोर व्यवस्थापन गर्नुपर्ने र सडकमा खाल्डा परेकोले मर्मत गर्नुपर्ने धारणा यहाँका बासिन्दाको रहेको छ ।

# सन्दर्भ सामग्री

Adhikari, J. (2001). "Mobility and Agrarian change in Central Nepal". *Contribution to Nepalese Studies Journal*. Vol.28, No. 2

Bhattarai, Raju. (2007*). International migration, multi-local livelihoods human security: Perspectives from Europe, Asia and Afric.* Dehli : A paper presented by panel 5 in Institute of Social Science.

Blaikie, Piers M, Cameron, John and Seddon ,John David.(1980). *Nepal in Crisis: Growth and Stagnation at the periphery*. Dehli: Oxford University Press.

Centre Bureau Statistics. (2013). *Population Monograph of Nepal*. Vol. 2. Kathmandu : CBS.

Deshingkar, Priya and Grimm, Sven.(2005).*Internal migration and Development: A Global Perspective. Geneva: International Organization for Migration.*

Fisher James F.(1986).*Transhimalayan Trader: Economy, Society Culture in North west Nepal*. California : University Of California press.

Gautam, T. (2008). "Migration and the Problem of old Age People in Nepal". *Dhaulagiri Journal of Sociology and Anthropology. Nepal Journal online (www.nepjol.info).*

Gautam, T. (1999). *Causes and Impact of Migration: A sociological Study of Emigration from Kandebash, Baglung*, Nepal. Nepal Journal online (www.nepjol.info).

Ghimire, A. (2011). Student Migration. *Nepal Migration Year Book 2010.* Kathmandu : Nepal Institute of Development Studies (NIDS).

Gurung, H. *Inter Regional migration in Nepal* .Kathmandu : New Era.

Gurung, Yogendra B.(2008). "Migration from Rural Nepal. A Social Exclusion Framework". A research Paper which is presented at CEDA research seminar.

Haas, De H.( 2008). *"Migration and development: A Theoritical perspective"*. International Migration Institute. Oxford University. paper 9.

Janawali, D. (2004). *Rural Urban Interaction: A Geographical perspective*. Kathmandu: Student's Books Publisher and Distributor.

Joshi Ram Prasad.(2012). "In-Migration: Cause and Consequences : A Case Study from Dhangadhi, Kailali ." Unpublished thesis M.A. Sociology Department TU.

Kanskar, B.V.S. (1984). "History of Population Migration in nepal." *Contribution to Nepalese Study Journal.* CNAS.

K.C, Bal K. (1991). *Small Town and Rural Human Resource Development to Reduce Migration to Large Cities* (with P.P. Timilsina and P.L. Joshi), ESCAP, Asian Population Studies Series, No. 110 (New York: United Nations).

K.C, Bal K. (1985). *The Rural to Urban Migration in Nepal*. Occasional Papers in the Humanities and Social Science, Vol. I.

K.C,Bal.K. (1998). "Trend Patterns and Implications of Rural to Urban Migration in Nepal" (CDPS), Kathmandu.

Lee, E S. (1966). *A Theory of Migration Demography*. vol. III Ministry of Population and Environment,(2013)." *Nepal Population Report".* Kathmandu: MOPE

Ravenstein, E G. (1885)." The Laws of Migratio*n"*. Journal of the Royal Statistical Society.

Regmi, M.C. ([1972]1999). *A Study in Nepali Economic History 1768-1846*. Delhi: .Adroit Publishers

Singh, M.L. ( 1998). "*Emigration from Nepal: Some Major Issues",* Journal of Population Development.

Skeldon, R. (1997)."*Migration and development*: *A global perspective".* Essex: Longman.

Subedi, B.P.(1991). *International Migration in Nepal: Towards an Analytical Framework.* Contribution to Nepalese Studies, Tribhuvan University: CNAS.

Todaro, M P.(1969*). A model of labor migration and urban unemployment in less-development countries. American Economic Review.*

नेपाली

आहुती. (२०६७). "नेपालमा वर्ण व्यवस्था र वर्ग सङ्घर्ष." काठमाडौँ : समता फाउन्डेसन

नागरिक दैनिक, बुधबार २९ फागुन २०७० ।

“नेपाल स्तरीय पेशा वर्गीकरण -२०५६” केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौँ : के.त.वि.

भट्टराई, सजना.(**२०६९**).“वैदेशिक रोजगारी र यसको सामाजिक तथा आर्थिक प्रभाव सम्बन्धमा.” शोधपत्र त्रि.वि

आचार्य, वलराम (२०६५), **सामाजिक संस्था र प्रक्रियाको समाजशास्त्रीय विश्लेषण,** ( चौं.सं.), काठमाडौं : नेशनल बुक सेन्टर ।

## अन्तर्वार्तामा सोधिने प्रश्नहरू

शीर्षक : आन्तरिक बसाइसराइका कारण र प्रभाव

स्थान :

१. उत्तरदाताको व्यक्तिगत विवरण

(क) नामः ..........................................................(ख) उमेर ......................

(ग) लिङ्ग : ......................................................(घ) शिक्षा .......................

(ङ) धर्म : .........................................................

च) वैवाहिक स्थिति : विवाहित (        )              अविवाहित (        )

विधुवा/विधुर (        )                              सम्बन्धविच्छेद (       )

२. के तपाईको आफ्नै घर  ?

(क) छ (        )                          (ख) छैन (        )

३. यदि छ भने कस्तो छ ?

(क) पक्की (        )                      (ख) कच्ची (        )

४. तपाईंले कुनै पेसा अपनाउनु भएको छ ?

(क) मुख्य ....................          (ख) सहायक .........................

### खण्ड क

१) तपाईं स्थानीय हो वा बसाइ सरेर आउनुभएको हो ?

क) स्थानिय                    ख) बसाइसराई गरेर आएको

२) बसाइ सरेर आउनुभएको भए कहाँबाट आउनु भयो  ?
....................................................

३) तपाईं पहिलो पटक बसाइसरेर आउनु भएको हो ?   क) हो (    )   ख) होइन  (
)

४) तपाई यहाँ बसाइसराइ गरेर आउनुभएको कति बर्ष भयो ?

५) तपाइँले विदुर नगरपालिकाको बारेमा को बाट जानकारी पाउनुभयो ?

क) साथीभाइ ( ) ख) रेडियो/टि.भी ( ) ग आफन्त ( ) घ) आफैँ ( )

६ ) तपाइँले बसाइसर्नु अघि तलका कुनकुन सुविधा लिनुभएको थियो ?

क) स्कुल ( ) ख) उच्च शिक्षा ( ) ग) स्वास्थ्य सुविधा ( ) घ) सन्चार ( ) ङ) यातायात ( ) च) खानेपानीको सुविधा ( )

७ ) तपाइँ कहाँ हाल तलका मध्ये कुन कुन सुविधा छन् ?

क) रेडियो ( ) ख) टि भी ( ) ग) फ्रिज ( ) घ) मोटरसाइकल ( ) ङ) यल पी ग्याँस ( ) च) टेलिफोन ( ) छ) साइकल ( ) ज) मोबाइल ( ) झ) गाडी ( ) ञ) अन्य भए................

८) तपाइँलाई स्थानीय वा बसोबास गरिरहेको ठाउँबाट बसाइ सर्न उत्प्रेरित गर्ने तत्व कुनकुन हुन् ? उपयुक्त तत्वमा ठीक चिह्न लगाउनुहोस् ।

क) आधारभुत सुविधाको अभाव ( ) ङ) सन्चारको अभाव ( )

ख) शिक्षा अभाव ( ) च) यातायातको असुविधा ( )

ग) स्वास्थ्य अभाव ( ) घ) गरिबी ( ) छ) रोजगारीको अभाव ( )

९) माथिका मध्ये अरु कुनै तत्व प्रमुख कारण भए तल उल्लेख गर्नुहोस् ।

क)..................... ख)................. ग)..................घ)...............

१०) तपाइँलाई स्थानीय वा बसोबास गरिरहेको ठाउँबाट बसाइ सरी आउन उत्प्रेरित गर्ने तत्व कुन हो ? उपयुक्त तत्वमा ठीक चिह्न लगाउनुहोस् ।

क) उच्च शिक्षाको अवसर ङ) जागिरको अवसर

ख) खेतीयोग्य जमिन च) व्यापारी क्षेत्रको अवसर

ग) आम्दानी योग्य क्षेत्र छ) भौगोलिक सुगमता

घ)स्वास्थ्यको सुविधा ज) शहरी सुविधा

११) अन्य कुनै बसाइ सरी आउन प्रेरित गर्ने अन्य तत्व भए उल्लेख गर्नुहोस् ।

क)...............................................
ख)...............................

ग)....................... ..........
घ)................................

ङ)........................................

१२) तपाइँको विचारमा बसाइसर्न प्रेरित गर्ने मुख्य तत्व के के हुन् ?

क)..................................  ख)..................................

ग) ....................................  घ)..............................

ङ)........................................

१३ बसाइसराइ गर्न आउने नव आगन्तुकलाई कस्तो सल्लाह र सुझाव दिनुहुन्छ ?

.........................................................................................................
.........................................................................................................
..........................

---

## खण्ड ख

### आर्थिक क्षेत्रः

१ ) तपाईंको बसाइ सर्नु अघिको आम्दानीको स्रोत के थियो ? ................................

२) हाल तपाइँको आम्दानीको स्रोत के हो ? .....................................

३) बसाइसर्नु अघि तपाईंको महिनाको आम्दानी कति थियो ? रु..............

४) ती रकम कहाँ खर्च गर्नुहुन्थ्यो ?.......................................................................
.........................................................................................................
....

५) हाल तपाइँको आम्दानी मासिक कति छ ? ....................................

६) हाल तपाइँले आम्दानी कहाँ खर्च गर्नुहुन्छ ? ......................................................

७) तपाइँको बसाइ सर्नु अघि कुन पेसा थियो ?

क) कृषि ( ) ख) व्यापार ( ) ग) पुरेत्याइँ ( ) घ) घरपरिवारको काम ( ) ङ) विद्यार्थी ( ) च) बेरोजगारी ( ) छ) ज्यालादारी श्रम ( ) ज) बैदेशिक रोजगारी ( ) झ) अन्य..........

८) हाल तपाइँको पेसा के हो ?

क) कृषि ( ) ख) व्यापार ( ) ग) पुरेत्याइँ ( ) घ) घरपरिवारको काम ( ) ङ) विद्यार्थी ( ) च) बेरोजगारी ( ) छ) ज्यालादारी श्रम ( ) ज) बैदेशिक रोजगारी ( ) झ) अन्य.....

९) हाल कहिलेदेखि यस पेशा संलग्न हुनुहुन्छ ? ...........

१०) तपाइँको पहिले जग्गा जमिन थियो कि थिएन ? क) थियो............ ख) थिएन............

(a) तपाइँको जग्गा जमिन थियो भने कति जग्गा थियो ? क) रोपनी ........ ख) आना...... ग) धुर .......

(b) तपाइँको हाल जग्गा जमिन छ कि छैन ? क) छ............ ख) छैन............

(c) छ भने कति जग्गा छ ?

क) रोपनी.... ख) आना.............. धुर............ (ख) छैन ( )

(d) यदि जग्गा जमिन छैन भने कसरी जीवन यापन गर्नु भएको छ ? (क) ज्याला मजदुरी गरेर ( ) (ख)अरुको जग्गा अधिया कमाएर ( )

(ग) जमिन ठेक्कामा लिएर ( )

(e) हाल तपाइँको कुन प्रकारको जग्गा जमिन रहेको छ ? (क) खेत ( ) (ख) बारी ( ) (ग) खरबारी( )

(११) खाधन्नमा के-के उत्पादन गर्नुहुन्छ ?

(क) धान(   )   (ख) मकै (   )   (ग) गहुँ (
)

(घ) तोरी (   )   (ङ) फलफूल (   )   (च) तरकारी (   )

(a) तरकारी अन्तर्गत के–के उत्पादन गर्नुहुन्छ ?

(क) आलु (   )   (ख) काँउली (   )   (ग) सिमी बोडी (   )

b) उत्पादित खाधन्नले खान पुग्छ की पुग्दैन ? पुग्छ (   )   पुग्दैन (   )

१२) यदि खान पुग्छ भने कति समय खान पुग्छ ?

..............................................................................................................................................................................

(१३) घरको लागि मात्र उत्पादन गर्नु हुन्छ की बेच्नको लागि उत्पादन गर्नुहुन्छ ?

..............................................................................................................................................................................

(१४) यदि बेच्नको लागि हो भने बार्षिक आम्दानी कति हुन्छ ?

..............................................................................................................................................................................

(१५) पशुपंक्षीको सम्बन्धमा के–के पाल्नु भएको छ ?

| पशुपंक्षी | संख्या |
|---|---|
| गाई/भैसी | |
| भेडा/बाखा | |
| हाँस/कुखुरा | |
| सुँगुर | |
| मौरी | |

१६) तपाइँ उपचार गर्न स्वास्थ्य चौकी जानुहुन्छ कि जानुहुन्न ?  जान्छु (   ) जान्न (
)

१७) तपाइँ उपचार गर्न कहाँ जानुहुन्छ ?

घरेलु उपचार (   ) स्थानिय स्वास्थ्य चौकी (   ) जिल्ला अस्पताल (   )
मेडिकल (   )